# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ ९ बजेदेखि ६ बजेसम्म)

» बिहीबार, माघ ११, २०७४ » Thursday, January 25, 2018 » www.newsofnepal.com » नेसं ११३८ शिल्ला थ्व ८ » वर्ष २४, अंक १५ » पृष्ठ १२ » मूल्य रू १०/–







राष्ट्रियसभा निर्वाचन मनोनयन

# १७ निर्विरोध

सुनील महर्जन, काठमाडौं

राष्ट्रियसभा निर्वाचनका लागि बुधबार ८३ जनाको उम्मेदवारी परेको छ। ५६ सदस्यका लागि सो उम्मेदवारी परेको हो। सातवटै प्रदेशको उच्च अदालत रहेको जिल्लामा उम्मेदवारी दर्ता गरिएको थियो।

सबैभन्दा कम उम्मेदवारी परेको प्रदेश २ मा ३ महिलासहित १ दलित र १ अपांग/अल्पसंख्यक निर्विरोध भएका छन्। प्रदेश नं २ र ३ मा खुलातर्फका ३ सिटका लागि ४ जनाको उम्मेदवारी परेको छ। सातवटै प्रदेशमा ९ पार्टीले उम्मेदवारी दिएका छन्। प्रदेश ६ र ७ मा भने कांग्रेस, एमाले र माओवादी केन्द्रले मात्र उम्मेदवारी दिएको आयोगले जनाएको छ।

आयोगले उच्च अदालत रहेका जिल्ला मोरङ, धनुषा, ललितपुर, कास्की, दाङ, सुर्खेत र डोटीको सदरमुकाममा उम्मेदवार मनोनयन दर्ता गराउने प्रबन्ध मिलाएको थियो। उम्मेदवार दर्तासँगै माघ २४ गते हुने राष्ट्रियसभाको निर्वाचनका कार्यक्रम शुरू भएको आयोगले जनाएको छ।

आयोगका प्रवक्ता नवराज ढकालका अनुसार प्रदेश नम्बर १ मा १२ जनाको मनोनयन परेकामा एमालेका तर्फबाट ६, कांग्रेसका तर्फबाट ४, माओवादीका तर्फबाट १ र राप्रपाका तर्फबाट १ जनाले दर्ता गराएका हुन्।

- ८३ को उम्मेदवारी
- ढिलो गर्नेको मनोनयन भएन

यसैगरी प्रदेश नं २ मा ९ जनाको उम्मेदवारी परेको आयोगले जनाएको छ। कांग्रेसबाट २ जना, एमाले र माओवादी केन्द्रबाट एक/एक जना, संघीय समाजवादी फोरम र राजपाबाट दुई/दुई जना र नेपाल संघीय समाजवादी पार्टीबाट १ जनाले उम्मेदवारी दिएका हुन्।

प्रदेश नं ३ बाट १७ जनाको उम्मेदवारी परेको छ। वाम गठबन्धनका तर्फबाट एमालेले ६ तथा माओवादी केन्द्रले २, कांग्रेसले ४, नेपाल मजदुर किसान पार्टीले ४ र राप्रपाका १ जना उम्मेदवारले मनोनयन दर्ता गराएका छन्।

यसैगरी प्रदेश नम्बर ४ बाट १२ जनाको उम्मेदवारी परेको छ। वाम गठबन्धनबाट ६ जना, कांग्रेसबाट ४ जना र राष्ट्रिय जनमोर्चाबाट २ जनाले उम्मेदवारी दर्ता गरेका छन्।

प्रदेश नं ५ मा ११ जनाको उम्मेदवारी दर्ता भएको छ। घोराहीस्थित निर्वाचन अधिकृतको कार्यालयमा एमालेका ४, कांग्रेसका ४, माओवादी केन्द्रका २ र राष्ट्रिय जनमोर्चाका १ जनाले मनोनयन दर्ता गराएका छन्।

यस्तै प्रदेश नं ६ बाट १२ जनाको उम्मेदवारी परेको छ। वाम गठबन्धनका तर्फबाट एमालेले ५ तथा माओवादी केन्द्रले ३ जना र कांग्रेसले ४ जना उम्मेदवारको मनोनयन दर्ता गरेका छन्। प्रदेश ७ मा १० जनाले मनोनयन दर्ता गरेका छन्।

(क्रमशः पृष्ठ ९ मा)

# हिउँदे वर्षा कमजोर

टीका बन्धन, काठमाडौं



भू-मध्य सागरको वायु नेपाल भित्रिएपछि यसपटक ढिलो गरी मात्र हिउँदे वर्षा भएको छ। हिउँदयामको यो अवधिमा कम्तीमा ५/६ पटक दोहोरिने वर्षा यो वर्ष २ पटक मात्रै दोहोरिएको छ।

मुलुकको सुदूरपश्चिमी भेगमा गत डिसेम्बर दोस्रो साता न्यून चापीय प्रणाली (वर्षा गराउने वायु) भित्रिएर सामान्य वर्षा गराए पनि मध्य र पूर्वीभेगतर्फ फैलन नपाउँदै निस्क्रिय बनेको थियो। मंगलबार राति नेपाल भित्रिएको वायुले मंगलबार र बुधबार बिहान सबेरैदेखि मुलुकका अधिकांश भेगमा हिउँदे वर्षा र हिमपात गराएको छ।

मुलुकभरका अधिकांश उच्च पहाडी र हिमाली भेगमा हिमपात भएको हो। तर यो वायु बुधबार साँझदेखि निस्क्रिय भएकाले बिहीबार उच्च भेगमा हिमपात दोहोरिए पनि अहिलेलाई हिउँदे वर्षा टरेको र मौसम क्रमशः सुधार हुने मौसमविद् वरुण पौडेलले बताउनुभयो। 'अब हप्ता/१० दिनयता हिउँदे वर्षा दोहोरिने सम्भावना छैन, काठमाडौंसहितका पहाडी भेगमा बिहानपख केही दिन बाक्लो हुस्सु लाग्छ तर दिउँसोको मौसम खुला रहन्छ।' -उहाँले भन्नुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# क्याबिनेटको निर्णय ठूलो कि विज्ञको ?

ईश्वरराज ढकाल, काठमाडौं

रानीपोखरीको बीचमा रहेको बालगोपालेश्वर मन्दिर कुन शैलीमा पुनर्निर्माण गर्ने भन्ने विषयमा पुरातत्त्व विभाग र काठमाडौं महानगरपालिकाबीच कुरा नमिल्दा अझै पुनर्निर्माण शुरू हुन सकेको छैन।

पुरातत्त्व विभागले उक्त मन्दिर मल्लकालीन शैलीमै बनाउनुपर्ने विज्ञ समूहको निर्णयप्रति असन्तुष्टि जनाउँदै तत्काल मन्दिर भत्काउन नमिल्ने दाबी गरेको छ। विभागले आफ्नो निर्णय फिर्ता नहुने स्पष्ट पनि पारेको छ।

विभागका महानिर्देशक भेषनारायण दाहालले क्याबिनेटको निर्णयअनुसार मन्दिरको पुनर्निर्माण शुरू गरेको बताउँदै केही समयपछि सो कार्यलाई निरन्तरता दिने जनाउनुभएको छ।

(क्रमशः पृष्ठ ९ मा)










# महानगर

अहिलेका विद्यमान पार्क, उद्यान र अन्य सार्वजनिकस्थल मात्रै पनि 'युनिर्भसल डिजाइन' मा बदल्ने हो भने स्मार्ट सिटीको झल्को महसुस गर्न सकिने सरोकारवालाहरु बताउँछन्।

## स्मार्ट सिटीमा अटाउला

# अपाङ्गमैत्री पार्क ?

टीका बन्धन


तस्वीर : अनिल आङ्देम्बे

नगर सानो होस् या ठूलो, उपत्यकाभित्र होस् या बाहिर मुलुकका धेरै शहरमा स्मार्ट सिटीका महत्त्वाकांक्षी योजना अघि सारिएका छन्। ठूला र महत्त्वाकांक्षी योजना अघि सार्दैमा मात्र होइन, विद्यमान संरचना र सम्भावनालाई मूर्तरूप दिइएको खण्डमा स्मार्ट सिटी बन्न सक्ने चर्चासमेत गरिन्छ। त्यसै सम्भावनाभित्र बहसको विषय बनेको छ 'युनिर्भसल डिजाइन' अर्थात् विश्वव्यापी संरचनाका सिद्धान्त। यही संरचनाले अपाङ्ग, जेष्ठ नागरिक, बालबालिका, गर्भवती महिलाका समस्या र विविधता समेट्छ।

अहिलेका विद्यमान पार्क, उद्यान र अन्य सार्वजनिकस्थल मात्रै पनि 'युनिर्भसल डिजाइन' मा बदल्ने हो भने स्मार्ट सिटीको झल्को महसुस गर्न सकिने सरोकारवालाहरू बताउँछन्। तर, अहिलेका शहरी सार्वजनिक संरचना, पार्क र उद्यान नामै मात्रका अपाङ्गमैत्री छन्। उपत्यकाका सार्वजनिक उद्यानमध्ये केशरमहलस्थित गार्डेन अफ ड्रिम्स अन्यत्रको तुलना केही हदसम्म अपाङ्गमैत्री रहेको बताइन्छ। सो गार्डेनको मुख्य प्रवेशद्वार ह्विलचेयरमैत्री नभए पनि भित्री संरचना नियालेपछि त्यो कठिनाइ केही समयालाई भए पनि बिर्साउन सक्ने अपाङ्गता भएका व्यक्तिहरूको अनुभव छ।

'त्यहाँको 'मेन इन्ट्रान्स' को संरचनालाई पनि थोरै मात्र बदल्ने हो सो गार्डेन हामीहरू जस्ता व्यक्तिका लागि 'ए वान जोन' बन्न सक्छ' -एक ह्विलचेयर प्रयोगकर्ताले नेपाल समाचारपत्रसँग भने। शिक्षा मन्त्रालय मातहतमा सञ्चालनमा रहेको सो गार्डेनमा अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई प्रवेश शुल्कमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ। प्रवेशद्वारको व्यवहारिक कठिनाइबारे जिज्ञासा राख्दा पार्कका कार्यकारी निर्देशक ध्रुवराज रेग्मीले आगामी वर्षदेखि अपाङ्गमैत्री अर्को द्वार खोल्ने पहल अघि बढाइएको बताए।

'यो कुरा लामो समयदेखि खट्किएको हो, त्यसैले यस्तो पहल अघि बढाइएको छ, सम्भवत: अर्को वर्षदेखि त्यस्तो कठिनाइ हट्नेछ, भित्री संरचना पनि केही हेरफेर हुनेछ' -उनले भने। मुलुककै पहिलो महानगर काठमाडौंले धेरै फराकिलो ठाउँ ओगटे पनि महानगर मातहत पर्याप्त खुला क्षेत्र र सार्वजनिक उद्यान र पार्क नभएको पटक-पटक चर्चामा आउने गर्छ। महानगर मातहत हाल रत्नपार्क, बालाजुपार्क, धुम्बाराहीको शंखपार्क सञ्चालनमा छन्। त्यसै गरी विष्णुमती लिंकरोडसँग जोडिएका १८ र २० वडाका खुला उद्यानसहित २१ वडाभित्रको लगनपार्क पनि महानगर मातहत नै छन्।

नक्सालको नारायण चौरको पार्क, बालुवाटारको खुला उद्यानसहित उपत्यकाका स-साना खुला उद्यानको व्यवस्थापन समुदाय र क्लबले सम्हाल्ने गरेका छन्। विभिन्न प्रकारका उद्यानका योजना अघि सार्ने गरिएको तीनकुने अझै व्यवस्थित बन्न सकेको छैन। 'एक वडा एक पार्क' का योजना निर्वाचनका बेला छारो हाल्ने चुनावी एजेन्डाका रूपमा दोहोऱ्याउने गरिन्छ। उपत्यकाकै पुरानोमध्येको एक शहीद (त्रिभुवन) पार्कको भौगोलिक बनावट अपाङ्गमैत्री नरहेको बताइन्छ। ४/५ वर्षअघिसम्म अव्यस्थित बनेको र डम्पिङ साइटझैं देखिने नारायणचौर स्थानीय समुदायको पहलमा मर्मत सम्भार भएपछि पुनर्जीवन पाएको छ। इच्छाशक्ति भएपछि सम्भव छ भन्ने नमुना त्यहाँ देख्न सकिन्छ, पछिल्लो समयमा निकै आकर्षक बनेको छ।

ह्विलचेयर गुडाउन मिल्ने भित्री बाहिरी संरचना भएकाले अपाङ्गता भएका व्यक्तिहरू सो स्थानको नाम लिन छुटाउँदैनन्। उपत्यकाकै मध्यभेग, केन्द्रबिन्दुको परिचय दिने रत्नपार्क २ वर्षअघि मर्मत सम्भारपछि पुन: सञ्चालनमा आएपछि पार्क भन्न लायक बनेको टिप्पणीसमेत भएको थियो। पार्क प्रवेश शुल्क, वाइफाई सुविधा, शौचालय र अन्य पूर्वाधार थपेपछि उपत्यकाबासी र उपत्यका बाहिरका बुटवा र आगन्तुकको पायक पर्ने बिसौनी बनेको छ। अपाङ्गता भएका र ज्येष्ठ नागरिकका लागि नि:शुल्क प्रवेशको व्यवस्था गरिएको छ। पार्कभित्र ह्विलचेयर गुडाउने गरीको संरचना भए पनि त्यो पूर्ण संरचना भने नरहेको सरोकारवालाहरूको गुनासो छ।

ह्विलचेयर गुडाउन सहयोगी चाहिने र गुडाउने संरचना साँघुरो हुँदा दोबाटोमा सहजै घुमाउन नसकिने प्रयोगकर्ता बताउँछन्। ह्विलचेयर प्रयोगकर्ताको यस्तै गुनासो बढ्दै गएपछि विद्यमान संरचना सुधार्न महानगरपालिकाले गम्भीर चासो लिएको महानगरका वातावरण महाशाखा प्रमुख हरि कुँवरले बताए। 'संरचना व्यवहारिक भएन भन्ने गुनासो आएको छ, हामीहरू अपाङ्ग महासंघ र ह्विलचेयर प्रयोगकर्ताहरूसँग पर्याप्त सर-सल्लाह गरेर सुधार्ने तयारीमा जुटेका छौं।' -उनले भने।

महानगर मातहतका अन्य पार्क अपाङ्गमैत्री नभएको स्वीकार्दै कुँवरले बालाजु र शंखपार्क पुन:संरचनाका लागि गुरुयोजना बनाउने काम अघि बढेको जानकारी दिए। उनले थपे- 'सार्वजनिक पार्क थोरै छन् भएकामध्ये केही पार्कलाई अपाङ्ग, बालबालिका र वृद्धवृद्धामैत्री बनाउने गरी गुरुयोजना तयार भइरहेको छ।' पुनर्निर्माणका क्रममा निकै चर्चा बटुलेको र पटक-पकट विवादमा समेत तानिएको रानीपोखरी परिसर पनि अपाङ्गमैत्री बनाउने योजना अघि सारिएको छ।

ललितपुर महानगरभित्र पर्याप्त पार्क नभए पनि बाग्मती करिडोर र आसपासका यूएन, राजतीर्थ, शहीद, बीपी, मनमोहनलगायतका पार्क क्षेत्र तोकिएको छ। यूएनलगायतका पार्क बनाउन शुरु भएको वर्षौंसम्म पनि सबै पार्क व्यवस्थित भने भइसकेका छैनन्। ज्वागल आसपासको यूएन पार्कको भित्री संरचना केही हदसम्म अपाङ्गमैत्री बनाइए पनि सबैतिर त्यस्तो देखिँदैन। महानगरभित्रका सरकारी स्वामित्वका खुला ठाउँलाई व्यवस्थित गर्दै अपाङ्गमैत्री बनाउने योजना अघि सारिएको एक अधिकारीले बताए।

भक्तपुरमा आम सर्वसाधारणलाई लक्षित पार्क र उद्यानहरू पर्याप्त र व्यवस्थित छैनन्। पार्क बनाउने योजना योजनामा सीमित हुँदा महत्त्वाकांक्षी परियोजना त्यसै थन्किएका छन्। मध्यपुर थिमीको कमेरोटार आसपासमा सार्क स्तरीय पार्क र दधिकोटमा नेपाल-भारतमैत्री पार्क बनाउने योजना अघि सारिएको वर्षौं भयो, तर निर्माणकार्य लामो समयदेखि अलपत्र परेको छ।

त्यहाँका नगरभित्र घुमफिर गर्ने सार्वजनिक स्थलमध्ये पोखरी पनि हुन्, पोखरीको संख्या धेरै भए पनि सबै व्यवस्थितचाहिँ छैनन्। दूधपाटी क्षेत्रका सिद्धपोखरी, भाजुपोखरी, भक्तपुर प्रवेशद्वारसँगैको गुहेपोखरी, कमल विनायकको कमलपोखरी, सैनिक विद्यालय परिसरभित्रको रानीपोखरी त्यहाँका प्राचीन गहना हुन्। यी सार्वजनिकस्थल परिसरमा 'युनिर्भसल डिजाइन' संरचना नभएको र त्यस्तो बनाउन राष्ट्रिय अपाङ्ग महासंघले त्यहाँका नगरपालिकाको ध्यानाकर्षण गराएको जनाएको छ। सिद्धपोखरी परिसरमा अपाङ्गमैत्री संरचना बनाउन भक्तपुर नगरपालिकाले चासो लिएको र महासंघ पनि सो कार्यका लागि हातेमालो गर्न इच्छुक रहेको महासंघका एक पदाधिकारीले बताए।

यसैबीच सो महासंघले उपत्यकाका उद्यान, सार्वजनिकस्थल, सार्वजनिक सेवा प्रदायक निकायलगायतका स्थानको संरचना अपाङ्गमैत्री भए/नभएको परीक्षण गरिरहेको छ। ३ वटा जिल्लाका १ सय ५० भन्दा बढी स्थलको पहुँच परीक्षण भइरहेको र अध्ययनले विद्यमान पक्ष केलाउँदै सुधार्न सकिने पक्षलाई समेटेर निष्कर्षसमेत निकालिने महासंघ अध्यक्ष सुदर्शन सुवेदीले बताए।

## कान्ति लोकपथ निर्माण

# ६० वर्षमा ६० प्रतिशत काम






सुरेश तामाङ, काठमाडौं

सरकारले विशेष प्राथमिकतामा राखेर काठमाडौं-हेटौंडा पुग्ने वैकल्पिक मार्गको रूपमा निर्माण कार्य शुरू गरेको कान्ति लोकपथ निर्माणको कार्य सुस्त गतिमा अगाडि बढेको छ। ६० वर्षअघि ट्र्याक खोलिए पनि सडकको अहिलेसम्म ६० प्रतिशत मात्र काम सम्पन्न भएको छ।

७९ किलोमिटर सडक खण्ड रहेको यस लोकपथमा ललितपुरको टिकाभैरव पुलदेखि मकवानपुरको बुद्धचोकसम्म जोडिएको छ। हालसम्म ललितपुर खण्डमा डेढ किमि र मकवानपुर खण्डमा १० किमि गरी साढे ११ किमि सडक खण्ड कालोपत्रे भइसकेको कान्ति लोकपथ सडक योजनाका इन्जिनियर नरेन्द्रप्रसाद भट्टले बताउनुभयो।

योजनाले यस आर्थिक वर्षभित्र ललितपुर खण्डमा १४ किमि र मकवानपुर खण्डमा १५ गरी २९ किमि सडक कालोपत्र लक्ष्य लिएको छ। योजनाले कान्ति लोकपथको सबै सडक खण्डमा कालो पत्र गर्न ठेक्कासमेत लगाइसकेको छ।

अहिले सडक कालोपत्रे गर्ने, चौडा गर्ने, सडकको संरचना तयार पार्ने, ग्राबेलिङ गर्नेलगायतका काम योजनाले एक साथ गर्दै आइरहेको छ। योजनाका इन्जिनियर भट्टले भन्नुभयो- 'निश्चित समयमै काम सम्पन्न गर्न सडकमा एकसाथ काम भइरहेको छ। निर्माण पक्षले पनि निश्चित समयभित्र काम सक्ने गरी अहोरात्र खटिरहेको छ।'

ललितपुर र मकवानपुर खण्ड गरी योजनाले समय मै काम सम्पन्न गर्न १४ वटा ठेक्का लगाएर काम धमाधम भइरहेको जनाएको छ। सडक चौडा पार्ने र सडक संरचना बनाउने कार्य अन्तिम चरणमा पुगेको छ।

माघ महिनाभित्र सडक चौडाको काम सम्पन्न गरेर ग्राबेलिङ गर्ने लक्ष्य योजनाको छ। तर डेढ किमि जति ट्र्याकलाई चौडा गर्न विष्फोटक पदार्थ चाहिएकाले त्यो पूरा हुन सकेको छैन। यस सडक खण्डको ललितपुर खण्डमा रानीबास, काल्चे, मौरीभिरलगायतका सडक खण्डमा ट्र्याक मात्रै रहेको र चौडा गर्न विष्फोटक पदार्थको आवश्यकता परेकाले सेनासँग माग गरेको भट्टले जानकारी दिनुभयो।

योजनाले विष्फोटक पदार्थ उपलब्ध गराउन नेपाली सेनालाई बारम्बार ताकेता गरे पनि पाउन नसकेपछि सडक विभागसँग सहकार्य गरी छिट्टै प्रक्रियाबाट खरिद गर्ने कि सेनाबाटै खरिद गर्ने भन्ने विषयमा विभागसँग छलफल भइरहेको योजनाका इन्जिनियर भट्टले बताउनुभयो। योजना कार्यालयले सडकको चौडाइ ३-५ मिटर रहेको र त्यसलाई साढे ८ मिटर चौडा गर्ने लक्ष्यअनुरूप योजनाले सडक चौडा गरिरहेको छ।

यस कार्यका लागि योजनाले बहुवर्षीय ठेक्का प्रणालीमार्फत कन्टेक प्रालि, एससीसी मोतिदान जेभी, महालक्ष्मी एण्ड ब्रदर्स जेभी, कञ्चनजंगा गोल्डेन ग्रुप, हनुमान कन्स्ट्रक्सनलाई ठेक्का दिइसकेको छ। तर निर्माण कम्पनीले पर्याप्त काम गर्न सकेको छैन।

लोकमार्ग सञ्चालनमा आएपछि ललितपुरको सातदोबाटो (चापागाउँ दोबाटो) हुँदै सुनाकोठी, चापागाउँ, टीकाभैरव, तिनपाने भन्ज्याङ, झाँक्रीडाँडा, छपेली, काल्चे, बाग्मती नदी, बगुवा, ठिंगन, मकवानपुरको आलेभन्ज्याङ, बुद्धचोकसम्म (९० किमी) ३ घण्टामा पुग्ने योजनाको दाबी छ।

कान्ति लोकपथ बनिसकेपछि ललितपुरका दुर्गम दक्षिणी-पूर्वी भेग र मकवानपुरका उत्तरी भेगका बासीको जीवनशैली परिवर्तन गर्ने विश्वास गरिएको छ। कृषि र पर्यटकीय क्षेत्रको विकास भई आर्थिक गतिविधिमा पनि यसले योगदान पुग्ने अनुमान छ।

## कामना फिल्म अवार्डस्-२०७४

# के भन्छन् मनोनयमा परेका कलाकार?

### विधा : नवनायक

### आर्यन अधिकारीले पाउनुहुन्छ



सुगम गुरागाईं

**फिल्म : ब्रासलेट**

मेरो विचारमा यो अवार्ड आर्यन अधिकारीजीले पाउनुहुन्छ। किनभने उहाँ नयाँ भइकन पनि पुरानो कलाकार जस्तै व्यस्त हुनुहुन्छ। लगातार काम पाइराख्नुभएको छ। योभन्दा अगाडिको अन्य फिल्म अवार्डमा पनि उहाँले पाइसक्नुभएको छ। त्यसैले उहाँले नै पाउनुहुन्छ जस्तो लाग्छ। मलाई आफ्नोबारे भने थाहा छैन।

### अवार्ड फेयर होला



आयुषमान देशराज जोशी

**फिल्म : चपली हाइट-२**

मान्छेले कामअनुसारको फल पाउँछ। अवार्ड भनेको हौसलाका लागि हो, राम्रो काम गर्नेले नै अवार्ड पाउँछ र यो अवार्ड भनेको फेयर हुनुपर्छ। पक्कै पनि अवार्ड फेयर नै हुन्छ होला। अवार्ड कसले पाउँछ भनेर मैले नाम लिन मिल्दैन र म नाम लिँदिन पनि। डिजर्भिङ पर्सनले नै अवार्ड पाउँछ। नोमिनेसनमा परेकोमा खुसी छु र कामनाप्रति एकदमै हम्बल छु।

### अडियन्सको अवार्ड पाइसकें



आर्यन अधिकारी

**फिल्म : के म तिमो होइन र**

सबैले काम गर्दा अनेस्टली नै गरेको हुन्छ। राम्रो काम गर्ने मान्छेले अवार्ड पाउँछ। अडियन्सले त मलाई अवार्ड दिइसक्नुभएको छ। अवार्ड भन्ने कुरा जुरीले डिसाइड गर्ने कुरा हो। जसले अडियन्सको माया पाउँछ उसले नै अवार्ड पाउँछ। डेब्यु एक्टरको अवार्ड कसले पाउँछ भन्न सक्दिनँ तर जसले पाए पनि म खुसी हुन्छु।

### आयुषमानले जित्नुहुन्छ



पृथ्वीराज प्रसाईं

**फिल्म : किस्मत-२**

नोमिनेसनमा परेपछि अवार्ड जित्ने आशा त भइहाल्छ। तर, अवार्ड जसले जिते पनि फिल्म क्षेत्रकै व्यक्तिले जित्ने हो नि। मेरो विचारमा यसपटकको डेब्यु एक्टरको अवार्ड आयुषमान देशराज जोशीले जित्नुहुन्छ जस्तो लाग्छ। किनभने उहाँ एक्टिभ हुनुहुन्छ र फ्यान फलोअर्स पनि धेरै छन्। फ्यान फलोअर्स त मेरो पनि छन्।

### विधा : नवनायिका

### नाम लिएर डिसअपोइन्ट गर्दिनँ



नम्रता श्रेष्ठ

**फिल्म : के म तिम्रो होइन र**

मसँग नवनायिकाको नोमिनेसनमा पर्ने सबैको फिल्म हेरेको छु। सबैले हार्ड वर्क गर्नुभएको छ। यस कारण पनि म आफ्नो मात्र नाम लिएर वा अरू कसैको नाम लिएर कसैलाई पनि डिसअपोइन्ट गर्न चाहन्न। सबैले आफ्नोतर्फबाट कडा मेहनतत गरेर आउनुभएको छ। यस कारण पनि म वान नायिकाको अवार्ड कसले जित्छ भन्न सक्दिनँ। सबै अवार्डका लागि डिजर्भिङ हुनुहुन्छ।

### दिया पुनको काम एकदमै राम्रो छ



कमली वाइबा तामाङ

**फिल्म : शब्द**

मैले मसँगै नोमिनेसनमा पर्ने मरिष्का दिया र सृष्टि श्रेष्ठको फिल्म हेरेको छु। मरिष्काको एक्टिङ पनि राम्रो छ र दिया पुनको काम एकदमै राम्रो छ। हुन त म ढिला आए पनि नयाँ कलाकार हो। यस कारण पनि मैले अरूको अभिनय यस्तो उस्तो भन्नु त्यति राम्रो हुन्न। तर पनि सृष्टि श्रेष्ठले भने अझै सिक्न जरुरी छ। मेरो विचारमा यसपटकको डेब्यु एक्ट्रेसको अवार्ड दिया पुनले जित्छ होला।

### सबैलाई अल द बेस्ट



मरिष्का पोखरेल

**फिल्म : के म तिम्रो होइन र**

मैले डेब्यु एक्ट्रेसको नोमिनेसनमा परेका सबैको फिल्म हेरेको छैन। यस कारण जर्ज गर्न मिल्दैन। फिल्म नहेरेकाले म जर्ज गर्ने पोजिसनमा छैन। नोमिनेसनमा पर्नु पनि ठूलो कुरा हो। मलगायत सबै जनालाई अल द बेस्ट।

### सबैले राम्रो काम गरेको छ



सृष्टि श्रेष्ठ

**मनोनयन : लक्स पपुलर च्वाइस अवार्ड र गाजलुबाट नवनायिका**

बेस्ट एक्ट्रेसको अवार्ड कसले जित्ला भन्नै त मिल्दैन, यो त मेरो लागि एकदमै गाह्रो क्वेस्चन भयो। आई थिङ्क जो डिर्जभिङ छ, उसले नै अवार्ड पाउँछ। सबै जना डिजर्भिङ भए पनि त्योबाट अझै डिजर्भिङले अवार्ड पाउनुहुन्छ। लक्स पपुल च्वाइस अवार्डमा पर्नु राम्रो कुरा हो। अनेस्टली भन्नुपर्दा पपुलर च्वाइस अवार्ड कसले जित्छ भन्ने कुरा मैले सोचेको पनि छैन। सबै जनाले राम्रो काम गरिरहनुभएको छ।

# छमछमीबाट जीवनको बिदाइ

नेपाल टेलिभिजनबाट प्रसारण हुँदै आइरहेको मेगा डान्स रियालिटी शो *रियो छमछमी-३* बाट यो साता दाङका जीवन बुढाथोकी बिदा भएका छन्। जीवनले टप ७ सम्म पुग्दा आफ्ना विविध प्रस्तुतिबाट निर्णायक एवं दर्शकलाई मन्त्रमुग्ध पार्दै आए पनि एसएमएस भोट उनलाई अघिल्लो राउन्डसम्म पुर्‍याउन पर्याप्त भएन। विशेषत: अभिनयात्मक प्रस्तुतिमा अब्बल जीवनको प्रस्तुतिमा निर्णायकहरूले मुक्त कण्ठले प्रशंसा गर्दै आएका थिए। यो यात्रासम्म पुगेका जीवन टप ७ को प्रस्तुतिमा खासमा त्यति स्वस्थ थिएनन्। उनको प्रस्तुति मानसिकरूपमा अस्वस्थ व्यक्तिको जीवनकथामा आधारित रहेर बुनिएको थियो, गम्भीर विष्ट त्यसको कोरियोग्राफर थिए।




साथीसँग मिलेर युट्युब हेर्दै नृत्य सिकेका उनी भारतका थुप्रै स्थानीय प्रतियोगितामा भाग लिई प्रथमसमेत भएका छन्। नृत्यका लागि मरिमेट्ने, घर-परिवारले साथ नदिने, घरको जोहोका लागि छिमेकी देश भारतमा काम गरी फर्किएका उनका बाबु र आमाका समेत भित्री इच्छा थियो छोरालाई वैदेशिक रोजगारीमा पठाउने। उनलाई पासपोर्ट बनाउन काठमाडौं पठाइयो। उनले काठमाडौंका डान्स स्टुडियोहरू चहारे र पासपोर्ट पनि बनाएर फर्किए। तर, जब उनको उडानको मिति तय भयो, उनी शहर भागे। मोबाइल रिपेयरिङ सिके, काम गरे, पैसा जम्मा गरे र दाङमा लेट्स् डान्स स्टुडियो खोले। अहिले उनको स्टुडियोमा धेरै नृत्य प्रशिक्षार्थी नृत्य सिक्दै छन् र जीवन उनीहरूका गुरु हुन्। धेरैपटक उनीहरू लखनउ, दिल्ली र मुम्बईका ठूला रियालिटी शोहरूमा भाग लिई धेरै अघिल्लो राउन्डसम्म पुगिसकेका छन्। जीवनको धोको उनीहरू विजेता बनेको हेर्नेछ। जीवनमा लुकेको अर्को एउटा कला पनि छ, आफैं गीत रिमिक्स गर्ने र त्यसमा नृत्य गराउने। *रियो छमछमी-३* मा रहँदासमेत आफँसँगैका प्रतिस्पर्धीलाई उनले यसरी नै सघाइरहे।

वास्तवमा धेरै गुरुहरू आफ्ना चेलाहरूसँगै एउटै प्रतियोगितामा भिड्न हिच्किचाउँछन्। तर, जीवनले त्यो भावना आफूमा कहिल्यै पालेनन्। त्यसैले जीवन यसपटक आफ्ना १५ चेलासँगै उत्रिएका थिए *रियो छमछमी-३* को मेगा अडिसनमा। अरू त सफल भएनन्, तर सँगै अगाडि बढे उनी र उनैका होनाहार चेला एलेक्स विक। दाङका तीनै चेला एलेक्स यतिखेर जीवनलाई पछि पार्दै *टप ६* राउन्डका लागि छानिइसकेका छन् र जीवन ३२ इन्चको एलजी स्मार्ट टिभी बोक्दै घर फर्किएका छन्। यति ठूलो फ्लोरमा सिक्ने र प्रस्तुति दिने मौका पाएकोमा जीवनले भित्री मनबाटै निर्णायक मण्डल, कोरियोग्राफर, प्राविधिक, *छमछमी* टिम र नेपाल टेलिभिजनलाई विशेष धन्यवाद दिन छुटाएनन्।

घर फर्किंदै गर्दा सम्पूर्ण दर्शक र भोट दातालाई समेत धन्यवाद दिँदै उनले वाचा गरे *छमछमी-४* मा भेट्ने। *रियो छमछमी-३* निर्माण कोर कमिटी सदस्य एवं मिडिया संयोजक रामबाबु अधिकारीका अनुसार सो राउन्डमा सुनसरीकी मनीता राईले सबभन्दा बढी भोट प्राप्त गर्ने प्रतिस्पर्धीका रूपमा चौधरी ग्रुपको तर्फबाट विशेष गिफ्ट ह्याम्पर प्राप्त गरिन्। प्रतियोगितामा अब दाङका एलेक्स विक, झापाकी केविका खत्री, सुनसरीकी मनीता राई, मकवानपुरका सरोज प्रजा, सुर्खेतका शेखर घर्ती मगर र रामेछापकी रविता मगर मैदानमा छन्। यस अघिका हप्ताहरूमा भोटका आधारमा *टप १२* मा रहेका प्रतिस्पर्धीमध्ये सुनसरीका आतिश जैरु, बाँकेका रोशन विश्वकर्मा, रूपन्देहीका अविनाश हमाल र मोरङका मनीष कटुवाल शोबाट बाहिरिसकेका छन्।

## धुर्मुस-सुन्तली फाउन्डेसनलाई सहयोग

नेपाली फिल्मका पुराना निर्माण नियन्त्रक तथा व्यवस्थापक गेहेन्द्र धिमालले हास्य कलाकार दम्पती सीताराम कट्टेल 'धुर्मुस' र कुञ्जना घिमिरे 'सुन्तली' को धुर्मुस सुन्तली फाउन्डेसनले रौतहटमा निर्माण गरिरहेको बस्तीका लागि नगद सहयोग गरेका छन्।

धिमालले कलाकार कृष्ण मल्ल र पुत्र गौतम धिमालका साथ फाउन्डेसनकै कार्यालयमा पुगेर सो बस्तीका लागि १ लाख रुपियाँ सहयोग गरेका हुन्। नेपाललाई विदेशी फिल्मको छायांकनस्थलको रूपमा प्रवर्द्धन गर्न लागिपरेका धिमालले केहीअघि अमेरिका सम्पन्न *ग्लोबल नेपाली फिल्म अवार्ड*मार्फत बाढीपीडितका लागि २ लाख ५१ हजार रुपियाँ पनि सहयोग गरेका थिए भने दुई पुराना प्राविधिकहरू इन्द्र लामा र महेन्द्र लामाको उपचारका लागि क्रमश: ५१ र २५ हजार रुपियाँ सहयोग गरेका थिए।





सम्मान चलचित्रको उत्सव उत्कृष्टताको

CG Entertainment
Presents
LUX Kamana Awards

माघ १६ गते मंगलबार
January 30 Tuesday

LUX कामना फिल्म अवार्डस् २०७४
मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER XXX RUM
OFFICIAL BANK: prabhu Bank

ASSOCIATE SPONSOR: NIC ASIA एन आई सी एशिया बैंक लि. | IME International Money Express Fast, Reliable And Secure Remittance | KILOMETER | राष्ट्रको संचार NEPAL TELECOM

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

**विधाः सर्वोत्कृष्ट चलचित्र**
छक्का पञ्जा
Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

**विधाः सर्वोत्कृष्ट निर्देशक**
सुवर्ण थापा - बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल - चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी - गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी - के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत - लुट-२
Type KFA space 2E & send to 32722

**विधाः सर्वोत्कृष्ट अभिनेता**
दयाहाङ राई - वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी - गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की - जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती - निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल - शब्द
Type KFA space 3E & send to 32722

**विधाः सर्वोत्कृष्ट अभिनेत्री**
प्रियंका कार्की - छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा - डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत - जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी - लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना - निर्भय
Type KFA space 4E & send to 32722

**विधाः सर्वोत्कृष्ट खलपात्र**
ध्रुव कोइराला - बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा - वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी - छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल - जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया - पलाँस
Type KFA space 5E & send to 32722

**विधाः सर्वोत्कृष्ट हास्य कलाकार**
केदार घिमिरे - छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा - जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई - लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत - गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ - छक्का पञ्जा
Type KFA space 6E & send to 32722

**विधाः सर्वोत्कृष्ट संगीतकार**
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा - लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल - निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा - राधा/छपक्कै
Type KFA space 7E & send to 32722

**विधाः सर्वोत्कृष्ट पार्श्व गायक**
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले - छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास - के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं - पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वरूपराज आचार्य - शब्द/हरपल
Type KFA space 11F & send to 32722

**विधाः सर्वोत्कृष्ट पार्श्व गायिका**
जलजला परियार - बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य - हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त - किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला - लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई - राधा/छपक्कै
Type KFA space 10E & send to 32722

**विधाः लक्स पपुलर च्वाइस अवार्ड**
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

# विचार

जुन काम तिमी आज गर्न सक्छौ त्यसलाई कहिल्यै भोलिका निम्ति नछोड।

– बेन्जामिन फ्रेंकलिन

आफू नै त्यो परिवर्तन बन, जुन तिमी संसारमा देख्न चाहन्छौ।

– महात्मा गान्धी

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# विद्यार्थीको भविष्यमाथि खेलबाड नगर

फरक–फरक नाम दर्ता गराउँदै विद्यार्थीको भविष्यमाथि पटक–पटक खेलबाड गरिरहेको नेसनल हेल्थ फाउन्डेसनका सञ्चालक शिलाकान्त झालाई जोगाउन सीटीईभीटीको एउटा समूह सक्रिय भएको खबरले सीटीईभीटीप्रति नकारात्मक सन्देश गएको छ। डडेल्धुरा हुँदै कारबाहीमा परी काभ्रेपलाञ्चोक आएका झाले नवीकरणका लागि जिम्मेवारी लिएको संस्थाको सञ्चालक समिति नै किर्ते गरेको पाइएको छ। जिल्ला प्रशासन कार्यालयमा फरक–फरक नाममा दर्ता गराई एउटै नाममा नक्कली संस्था खडा गरेर पुनः नुवाकोट टेक्निकल इन्स्टिच्युटका नामबाट विद्यार्थीको रजिस्ट्रेसन गराएका छन्। विद्यार्थीको भविष्यमाथि खेलबाड गर्ने झा र त्यसको सञ्चालकविरुद्ध कारबाहीमा आनाकानी गर्ने सरकारी अधिकारीलाई पनि तत्काल अनुसन्धान गरी कारबाहीको दायरामा ल्याउनुपर्ने आवाज उठिरहेको छ।

कलेजको बदमासीविरुद्ध छनबिन गर्न गठित टोलीले प्रतिवेदन बुझाएको लामो समय भइसक्दासमेत त्यसका बारेमा प्रक्रिया अगाडि नबढाइनु ठगी जोगाउने प्रपञ्च भएको प्रस्ट हुन्छ। कलेज सञ्चालकले विद्यार्थीको भविष्यमाथि खेलबाड गरेको निष्कर्षसहितको प्रतिवेदन अध्ययन समितिले बुझाइसकेको छ। बनेपामा रहेको नेपाल पोलिटेक्निक स्कुलका प्रिन्सिपल मिस्टरकान्त मैनालीको टोलीले समेत नेसनल हेल्थ फाउन्डेसनले विद्यार्थी ठगी गरेको पुष्टि गरिसकेको छ। प्रतिवेदन सीटीईभीटीमा बुझाएपछि शुरु भएको कारबाही प्रक्रिया सुस्त र झारा टार्ने प्रकृतिको छ। सदस्य सचिव पुष्परञ्जन वाग्लेले कारबाही गर्न दिएको निर्देशनसमेत स्तर निर्धारण महाशाखाले अगाडि बढाएको छैन।

नेसनलका सञ्चालक झाले राजनीतिक संरक्षण लिई गल्ती लुकाउन लाखौं रुपियाँ खर्च गरिरहेको बताइएको छ। डडेल्धुरामा कलेज सञ्चालन गरेका शिलाकान्त झाको कलेज तीन वर्षका लागि निलम्बन गरिएको छ। उक्त कलेज निलम्बन भएपछि त्यही कलेजमा गैरकानुनीरूपमा भर्ना लिएका विद्यार्थीहरूको रजिस्ट्रेसन नेसनल हेल्थ फाउन्डेसनका नामबाट भराएका थिए। पुनः नुवाकोट टेक्निकल इन्स्टिच्युटको नामबाट विद्यार्थीको फाराम भराएपछि ८० विद्यार्थीको बिचल्ली भएको थियो। ठगी गर्ने सञ्चालकहरूले नै विद्यार्थीलाई अर्को वर्ष परीक्षा दिने तर कतै उजुरी नगर्ने कागजमा सहीसमेत गराएको बताइन्छ। सीटीईभीटीका कर्मचारीहरूको मिलेमतोमा अनुमति पाएको भन्दा दोब्बर विद्यार्थी भर्ना लिएपछि नुवाकोट टेक्निकल इन्स्टिच्युटका नाममा नक्कली फाराम भराइएको भए पनि रजिस्टर्ड हुन नसक्दा परीक्षाबाट वञ्चित हुनुपरेको छ। वार्षिक १ लाख ५० हजारका दरले करोडभन्दा धेरै रुपियाँ संकलन गरेर फरार भएका सञ्चालकहरू राजनीतिक दलको फेर समातेर ठगीबाट उम्कने प्रयासमा छन्। नेसनल हेल्थ फाउन्डेसनले सीएमए र अनमी अध्ययनका लागि ४०/४० जनाको अनुमति प्राप्त गरेको छ। तत्काल उक्त कलेजका सञ्चालकलाई कारबाही गर्न सीटीईभीटीले प्रक्रिया अगाडि बढाउनुपर्छ।

# कहिले रोकिएला राजनीतिक व्यवसायीका प्रहार ?



बालकृष्ण मैनाली

> एकातिर राजनीतिक व्यवसायीहरू भागवण्डामा तँछाडमछाड गरिरहेका छन् भने अर्कोतिर ती व्यवसायीहरूलाई प्रत्यक्ष र अप्रत्यक्षरूपले तन, मन, धनलगायत साम, दाम, दण्ड, भेद सबै प्रकारबाट सहयोग गरिटोपलेका ती व्यवसायीका हितैषीहरू आफूले सहयोग गरेर निर्वाचित गराएका राजनीतिकव्यवसायी कहिले सत्तामा पुग्लान् र आफ्नो लगानी असुल गर्न पाउने हो भन्ने ध्याउन्नमा भौँतारिरहेका छन्।

दलीय वा निर्दलीय राजनीतिक व्यवसायीहरूले जे नाम राखेर न्वारान गरिएको भए तापनि दल सञ्चालनकर्ताहरू र राजनीतिक व्यवसायीहरूले कुनै पनि कालखण्डमा जनताको अभिमतलाई कदर गर्नै जानेनन्। लामो इतिहास केलाउनुभन्दा पनि नेपालका महाराजाहरूका खानदानीभित्र चुलिएका असन्तुष्टिहरूलाई ढाल बनाएर जंगबहादुरले नेपालको शासन बागडोर आफ्नो हातमा लिएपछिको अवस्थादेखि वर्तमान अवस्थासम्म आइपुग्दा जनताको इच्छा र आकांक्षहरूभन्दा पनि आफ्नै राजनीतिक व्यवसायलाई परिस्कृत गर्ने बहाना खोज्नेदेखिबाहेक अन्य विषयले मूर्तरूप लिन खोज्दै खोजेन। सत्ता प्राप्ति यस्तो विषय बन्न पुग्यो कि सत्ता प्राप्ति नहुन्जेलसम्मको लागि मात्र जनताको समस्या सम्बोधन गर्ने नाममा जनतालाई उराल्ने र उचाल्ने कार्य हुन गयो। अनि सत्ता प्राप्तिपछि आफ्नै राजनीतिक व्यवसायलाई निरन्तरता दिनेदेखि बाहेक जनताको हितमा अन्य आवश्यक विकल्पहरू सत्ताधारीहरूले दिन पनि सकेनन् र सोच्न पनि सकेनन्।

राजनीतिलाई वास्तवमा दलहरूले विकासको प्रतिस्पर्धामा सम्बोधन गर्नुपर्ने थियो। पहिलाका सत्तासीनहरूले गरेका राम्रा कामहरूलाई जीवन्त राखेर त्यो भन्दा बढी देशलाई विकासको पथमा अग्रसर गराइनुपर्थ्यो तब न जनताको हृदयमा पहिलाको व्यवस्थाभन्दा वर्तमान व्यवस्था राम्रो भन्ने छाप छोड्न सकिन्थ्यो। तर विडम्बना, पहिलाका भएका र गरेका राम्रा कामहरूलाई नै धाराशायी बनाउँदै लगे वर्तमानका दलका राजनीतिक व्यवसायीहरूले। यसैको परिणति हो राजसंस्थाको पुनरागमनबारे चल्ने गरेका चर्चा अनि पूर्वराजाको देशव्यापी भ्रमण र जनतामा बढ्दै गइरहेको राजतन्त्रप्रतिको झुकाव।

जंगबहादुरले वि.सं. १९०३ मा शासन आफ्नो हातमा लिएदेखि अहिले २०७४ सम्म लगभग १७१ वर्षभित्र जनताले धेरै राजनीतिक व्यवसायीहरूको परीक्षण गर्ने मौका पाए। चाहे त्यो राणाकालीन परीक्षण होस्, चाहे त्यो बहुदलीयकालीन परीक्षण होस्। अथवा निर्दलीयकालीन परीक्षण होस् या पुनः प्रवेश पाएको बहुदलीय, गणतन्त्र वा लोकतन्त्रकालीन परीक्षण होस्। यस अवधिभित्र सारभूतरूपमा अहिलेको बदलिँदो विश्वपरिस्थितिअनुसार जनताले केही फरकपन अनुभव गर्न र लिन पाएका छैनन्। देश विदेशीलाई खेल खेल्ने अखाडामा परिणत भएको छ। यही अवस्था देश विद्यमान रहिरहेमा अब कति अवधिपछि नेपाली जनताले अर्थपूर्णरूपमा परिवर्तनको अनुभूति गर्न पाउँछन् भन्ने कुराको टुंगो लाग्न सक्ने अवस्था छैन।

विभिन्न समयहरूमा न्वारान गरी नामाकरण गरिएका दलहरूका जे-जे नामाकरण गरिएको भए तापनि ती नामधारी दलका सदस्यहरू सत्तामा पुगेपछि गर्छु भनेका कुराहरू कानुनी शासन, दण्डहीनताको अन्त्य, आर्थिक वृद्धि, स्वास्थ्य र शिक्षामा सबैको सरल पहुँच, गलत परम्पराको अन्त्य, रोजगारीमा अभिवृद्धि आदि कुराहरू नै थिए। तिनीहरूले प्राथमिकतामा पारेका थिए ती कुराहरू तर सत्ता प्राप्त नगरुन्जेल राजनीतिक व्यवसायीहरूले फलाक्ने यी नाराहरू सत्तामा पुगेपछि ९० डिग्रीको कोणमार्फत परिवर्तन गरी/गराई आफन्त, आसेपासे, दायाँ-बायाँदेखि बाहेक सम्पूर्ण जनताको हित हुने विषयले प्रवेश नै नपाउने अवस्था सिर्जना गर्दा रहेछन् भन्ने कुरा आजको दिनसम्म आइपुग्दा विगतदेखि वर्तमानसम्म घटेका र घटाइएका विभिन्न घटनाहरूले घाम जत्तिकै छर्लंग पारिसकेका छन्।

२० वर्षसम्म निर्वाचन नगराई आलोपालो सत्ता हत्याएर विविध नाटक मञ्चन गरी जनतालाई भ्रमित तुल्याएको कुरामा विमति रहेन। अब पनि यस्तै गर्ने हो भने जनताले नछोड्ने कुरा बुझेपछि बाध्य भएर निर्वाचन गराउनुपरेको तथ्य पनि कसैबाट छिपेको छैन। समष्टिगतरूपमा स्थानीयलगायत प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा केहीमा अपवादबाहेक तिनै राजनीतिक व्यवसायीहरूको हालिमुहाली भएको छ। जसले जनताको हितमा भन्दा आफ्नाहरूको हितमा बढी समय खर्च गर्ने गरेका छन्। २०-२० वर्षसम्म निर्वाचन हुन नदिएर अनि नौ-नौ महिनामै सरकार फेरबदलको खेल खेल्दै आएका राजनीतिक व्यवसायीका कार्यहरूबाट आजित जनता पाँचबर्से स्थायी सरकारको नारामा फेरि रणभुल्लमा परे। पाँचबर्से स्थायी सरकारको नारा दिने पनि तिनै पुराना राजनीतिक नारा दिने खेलाडीहरू नै हुन् भन्ने कुरा जनताले सम्झनै सकेनन्। जनताको आँखामा छारो हाल्न पुराना राजनीतिक व्यवसायीहरूबीच एकताका कुरा ल्याएर जनतालाई दिग्भ्रमित गरे र आफ्नो पक्षमा प्रभाव पार्न सफल भए। जनताको मत प्राप्तपछि ती राजनीतिक व्यवसायीहरू अहिले भागवण्डामा तँछाडमछाड गरिरहेका छन्। तिनीहरूको ताल देखेर उनीहरूलाई मत दिएका जनता जिल्ल परिरहेका छन्।

एकातिर राजनीतिक व्यवसायीहरू भागवण्डामा तँछाडमछाड गरिरहेका छन् भने अर्कोतिर ती व्यवसायीहरूलाई प्रत्यक्ष र अप्रत्यक्षरूपले तन, मन, धनलगायत साम, दाम, दण्ड, भेद सबै प्रकारबाट सहयोग गरिटोपलेका ती व्यवसायीका हितैषीहरू आफूले सहयोग गरेर निर्वाचित गराएका राजनीतिक व्यवसायी कहिले सत्तामा पुग्लान् र आफ्नो लगानी असुल गर्न पाउने हो भन्ने ध्याउन्नमा भौँतारिरहेका छन्। अर्कोतिर सहयोगीको गुण तिर्न नपाइएला भनेर सत्तामा पुग्न आफू-आफू एक-अर्कालाई पछार्न व्यस्त रहेका छन् निर्वाचित भएका राजनीतिक व्यवसायीहरू।

आफ्नो र आफ्ना हितैषीको दुनो सोझ्याउने कार्यका लागि विगतमा जस्तै अहिले पनि विभिन्न धारमा रहेका राजनीतिक व्यवसायीहरूका स्वार्थलाई राज्यका विभिन्न अंगहरूमा प्रवाहित गर्ने/राख्ने प्रयासमा मरिहत्ते गरेर लागिपरेका छन्। राजनीतिक व्यवसायीहरूले विशेष गरी राष्ट्रपति कार्यालय, निर्वाचन आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, प्रहरी प्रशासन, न्यायपालिका, संवैधानिक परिषद्लगायत आफ्नो स्वार्थ अनुकूल हुने राज्यका प्रायः सबै अंगहरूलाई आ-आफ्नो प्रभावमा पार्न कुनै कसर बाँकी राखेका छैनन्। को कसको मान्छे, कहाँ पुर्‍याउने भन्नेदेखि बाहेक अन्य ध्याउन्न छँदै छैन।

राज्यका प्रत्येक अंगहरू सामान्यतः देशको संविधानबमोजिम क्रियाशील हुने हुन्। सबै राज्यका अंगहरूलाई संविधान र प्रचलित नेपाल कानुनले आ-आफ्नो काम, कर्तव्य, अधिकार र सीमा तोकिदिएका छन्। तोकिदिएको सीमाभन्दा बाहिर जान ती अंगहरूलाई मिल्दै मिल्दैन तर त्यसको दुरुस्त पालना भने भैरहेको छैन। आज निर्वाचन सकिएको यतिका दिन बितिसक्दा पनि नयाँ सरकार गठनको कसरत नै हुन सकिरहेको छैन। त्यसो हुनुमा राजनीतिक व्यवसायीहरू नै जिम्मेवार छन्, अरू छैनन्। संविधानबमोजिम राज्यका अंगहरू क्रियाशील हुनको निमित्त ती प्रत्येक अंगहरूका प्रमुखहरूको महत्वपूर्ण जिम्मेवारी हुन्छ। ती महत्वपूर्ण जिम्मेवारीहरू त्यति बेला मात्र निर्वाह हुनसक्छ, जति बेला ती जिम्मेवारी बहन गर्ने प्रमुखहरू राजनीतिक व्यवसायीहरूका स्वार्थी खेललाई परित्यक्त गर्न खूबी राख्दछन्। कुनै पनि राज्यका अंगहरू संविधान र प्रचलित कानुनबमोजिम चल्ने हो, न कि राजनीतिक व्यवसायीहरूका स्वार्थी खेलबाट। तर देशको दुर्भाग्य नै भन्नुपर्छ कि लोकतन्त्रपश्चात् पनि राज्यका प्रमुख अंगहरू राजनीतिक व्यवसायीहरूकै स्वार्थी खेलहरूमा अलमलिन पुगे र पुगिरहेका छन्।

हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनपश्चात् राजनीतिक व्यवसायीहरूबीच जन्मिन पुगेको ध्रुवीकरणले राज्यका विभिन्न अंगहरू तिलमिलाउन पुगेका छन्। चाहे त्यो राष्ट्रपति कार्यालयमा पुगेको अध्यादेशको विषयलाई लिएर भएको राजनीतिक व्यवसायीहरूका बीचमा उठेको रस्साकस्सी होस्, चाहे निर्वाचन आयोगले मत परिणाम राष्ट्रपतिलाई बुझाउन गरेको ढिलाइसम्बन्धी उठेको रस्साकस्सी होस्। त्यस्तै राष्ट्रिय सभा निर्वाचनको विषयमा उठेको रस्साकस्सी र प्रदेशप्रमुख नियुक्तिमा नमिलेका भागवण्डा आदि भिन्न-भिन्न राजनीतिक व्यवसायीहरूबीच चलेका द्वन्द्व हुन्।

संसारका प्रायः देशहरूमा संवैधानिक अंगका प्रमुखलगायत अन्य राज्यका अंगहरूका प्रमुखहरूमा नियुक्ति वा जिम्मेवारी प्रदान गरिँदा सकेसम्म दलको आस्था नबोकेका विभिन्न स्वतन्त्र विज्ञहरूलाई समावेश गरी नियुक्ति गरिने गरिन्छ। त्यति मात्र होइन, नियुक्ति गर्नेले पनि देशको संविधान र कानुनअनुसार काम गर्न कुनै बाधा-विरोध नगर्ने प्रतिबद्धतासहित नियुक्ति गरेको हुन्छ भने नियुक्ति लिनेले कुनै अमुक दल या राजनीतिक व्यवसायीहरूप्रति जिम्मेवारी लिनुपर्दैन र तिनीहरूको दबाब मान्नु पनि पर्दैन। तिनीहरू कुनै दलप्रति जिम्मेवार हुँदैनन्, मात्र कानुन र संविधानप्रति जिम्मेवारी हुन्छन्। नेपालको परिप्रेक्ष्यमा चाहिँ त्यसको ठ्याक्कै उल्टो छ। यहाँ स्वतन्त्र विज्ञहरू खोज्ने काम हुँदै हुँदैन। विज्ञहरूको नाममा दलप्रति आस्था राख्ने व्यक्तिकै खोजी हुन्छ। यदि नपाइएको खण्डमा त्यहाँ सम्बन्धित विज्ञको आवश्यकता महसुस गरिँदैन र जस्तो भए पनि आफ्नो दलको प्रभावमा रहेको व्यक्तिलाई नै नियुक्त गरिन्छ। यसरी नियुक्त भएको र गरिएको व्यक्तिबाट राज्यका अंगहरू प्रचलित कानुन वा संविधानबाट निर्देशित भई कार्य गर्छन् भन्ने कुरा कल्पनाभन्दा बाहिरको हुन जानेमा द्विविधा छैन।

अहिले देखिएको वाम गठबन्धनमा पनि यस्तै असर परिरहेको प्रस्ट अनुभव गर्न सकिन्छ। वाम गठबन्धनको विषयमा केन्द्रित भई एउटा बैठक गर्न हप्तौं, महिनौं लाग्छ। कसले को-कोसँग भेटे, कसले को-कोसँग कुरा गरे ? सम्बन्धित राजनीतिक व्यवसायीहरूबीच एक-आपसमा निस्केको शंका-उपशंकाले भविष्यमा वाम गठबन्धनलाई कता पुर्‍याउने हो, टुंगो छैन। वाम गठबन्धन मात्रै होइन, चाहे नेपाली कंग्रेस हो या राप्रपा, सबै दलका राजनीतिक व्यवसायीहरूका आ-आफ्ना गोटीलाई व्यवस्थित गर्ने र सत्तामा जसरी पनि पँहुच पुर्‍याउने अनि राज्यको ढुकुटीको दोहन गर्ने अभिष्ट नै प्रमुख र प्राथमिकतामा परेका छन्।

राजनीतिक व्यवसायीहरूले आफ्नो राजनीतिलाई आफ्नो स्वार्थको व्यवसाय बनाउन छाडी जनमुखी तथा सेवामुखी बनाउने हो भने बेलैमा यस विषयमा सोच्नुपर्ने बेला आइसकेको छ। समयमै यस विषयमा नसोच्ने हो र नसुध्रने हो भने कुनै पनि जे पनि हुनसक्छ।

*(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ।)*

## पाठक पत्र

### शिक्षामा सबैको पहुँच पुगोस्

मुलुकको समृद्धिको आधार शिक्षा हो। शिक्षाको स्तरमा सुधार भएमा मुलुक स्रोत समृद्धिको मार्गमा अगाडि बढ्छ। नेपालको शिक्षा क्षेत्रको समग्र मूल्यांकन गर्दा सन्तोष लिने ठाउँ छैन। अहिले पनि हजारौं बालबालिका विद्यालय जानै नपाउने स्थितिमा छन्। विद्यालय गए पनि अध्ययनलाई निरन्तरता दिन नपाउने अवस्थामा सयौं बालबालिका भएकाले उनीहरूलाई विद्यालय भर्ना गर्नुका साथै राज्यले विपन्न बालबालिकालाई सहजरूपमा अध्ययनको वातावरण मिलाउन जरुरी छ। विपन्न बालबालिकाका लागि निःशुल्क शिक्षा, निःशुल्क शैक्षिक सामग्री वितरण र छात्रवृत्तिको व्यवस्था अनिवार्यरूपमा गर्नुपर्छ।

त्यसै गरी सरकारका तर्फबाट बालबालिकालाई छुट्याउने सहयोग सम्बन्धितका नाममा नै खर्च हुने परिपाटी मिलाउनेतर्फ पनि ध्यान दिनुपर्छ। अन्य जिल्लाको तुलनामा दाङमा शिक्षाको अवस्था राम्रो छ। तर, पनि सन्तुष्ट गर्ने ठाउँ भने त्यति छैन। पछिल्लो समयमा विषयगत पढाइ शुरु भएको छ। तर, यहाँका सबै बालबालिकाका लागि सहजरूपमा पहुँच पुग्ने गरी शैक्षिक क्षेत्रलाई सुचारु गर्न अझै पनि सकिएको छैन। राजधानी र ठूला शहरहरूमा भन्दा सुपथ मूल्यमा विषयगत पढाइ जिल्लामै गर्न सकिने भए पनि यसमा धेरै कुराको सुधार आवश्यक छ। जसका कारण शिक्षा क्षेत्रको पहुँचबाट अहिले पनि धेरै वञ्चित छन्। यी र यस्ता कुराहरूलाई विश्लेषण गर्दा राज्यले केन्द्रीय तहबाटै शैक्षिक क्षेत्रको सुधार र विकासका लागि धेरै कामहरू गर्न बाँकी छ।

संघीय संविधान निर्माण भइसकेको अवस्थामा अब नेपालको शिक्षालाई बहुउपयोगी बनाउने र सर्वसुलभ बनाउने सवालमा ध्यान दिनु जरुरी छ। शिक्षा चेतनाको भण्डार हो। यसलाई जति धेरै उपयोग गर्न सकिन्छ, जति धेरै व्यक्ति शिक्षामा समर्पित हुन्छन्, मुलुकको चौतर्फी विकास तीव्र गतिमा हुन्छ। दाङ जिल्लामा सरकारी र गैरसरकारी क्षेत्रबाट शिक्षाको सकारात्मक माहोल निर्माण गर्नका लागि विभिन्न गतिविधिहरू भएको हामीले पाएका छौं। भविष्यमा समेत सबै पक्षले शिक्षाको गरिमालाई बढाउने सवालमा ध्यान दिन सक्यौं भने निश्चितरूपमा जिल्लाको शैक्षिक अवस्था सन्तोषजनक हुनेछ।

*- मनोज श्रेष्ठ, हाल काठमाडौं*

### निरन्तर विद्यार्थी मूल्यांकनको अर्थ के ?

नेपालमा निरन्तर विद्यार्थी मूल्यांकनको अभ्यास शुरु भएको करिब १८ वर्ष भयो। यो १८ वर्षको अवधिमा निरन्तर विद्यार्थी मूल्यांकनको अवधारणा बुझाउन विभिन्न स्तरमा तालिम र कार्यशालाहरू चलिरहेका छन्। रेजा लगाउने फारम छाप्नकै लागि र पोर्टफोलियो फाइल व्यवस्थापन गर्नका लागि करोडौं रकम विद्यालयमा निकासा भएको छ। शुरुमा केही जिल्लाहरूमा परीक्षणको रूपमा शुरु भएको निरन्तर विद्यार्थी मूल्यांकन क्रमश देशैभरि लागू गरियो। कक्षा १ देखि ३ सम्मका लागि मात्र भनेर शुरु गरिएको यो प्रणाली पछि कक्षा ५ सम्म विस्तार गरियो भने हाल कक्षा ७ सम्म सञ्चालनमा छ। हाल कक्षा ६ र ७ मा ४० प्रतिशत, कक्षा ४ र ५ मा ५० प्रतिशत तथा कक्षा १ देखि ३ सम्म शतप्रतिशत निरन्तर विद्यार्थी मूल्यांकन गर्ने भन्ने व्यवस्था छ। कक्षा १ देखि ३ मा उदार कक्षोन्नति तोकिने भएकाले उत्तीर्णांक तोकिएको छैन भन्ने व्यवस्था पनि छ, पाठ्यक्रममा।

के हामीले कक्षा १ देखि ३ सम्म परीक्षा नलिने गरेका छौं ? पाठ्यक्रमको यो नीति कुन हदसम्म कार्यान्वयन भएको छ ? यसको प्रभावकारिता के हो ? यसले हाम्रो शिक्षण सिकाइ पद्धतिमा के सुधार गर्‍यो वा गरेन ? जो कक्षाकोठामा जादैनन उसले यसलाई निकै राम्रो देखेको छ। जो कक्षाकोठामा जान्छ उसले यसलाई समस्या देखेको छ। जसले यसलाई राम्रो देख्यो उसले यो कार्यान्वयन भएन भन्दै चिन्ता गर्‍यो, जसले यसलाई समस्या देख्यो न पूर्णरूपमा अस्वीकार गर्‍यो, न त कार्यान्वयन नै गर्‍यो। यो एउटा यस्तो चीज बनिदियो जो विद्यार्थीको कमजोर सिकाइको कारक तत्वका रूपमा दर्ज भयो। कक्षा ४, ५ मा पढ्ने विद्यार्थीको कमजोर सिकाइको कारण यसैलाई देखाउने गरिएको छ। यसलाई कार्यान्वयन भएको छ भन्ने हो भने बालकक्षादेखि परीक्षाको तालिका तयार गरेर विद्यालयमा परीक्षा चलाएकै छौं। स्रोत केन्द्र तथा विभिन्न समितिहरूमा प्रश्नपत्र बनाउने, छपाउने बिक्री गर्ने सानो उद्योग चलेकै छ। रमाइलो पक्ष त के पनि छ भने, विद्यालयमा परीक्षा लिन्छौं अनि विभिन्न कम्पनीले छापेर तयार पारेका रजिस्टरमा रेजा लगाउँछौं। परीक्षा किन लिने ? सबैले लिन्छन् ? परीक्षा लिएपछि रेजा किन लगाउनुपर्‍यो ? सबैले त्यसै गर्छन् ? यस्तै-यस्तै नियतिमा हाम्रो समग्र प्रणाली चलिरहेको छ।

निरन्तर विद्यार्थी मूल्यांकनलाई फेल गर्न नपाइने भन्ने पद्धतिको रूपमा ग्रहण गरियो। तर फेल नै नहुने गरी पढाउने, त्यसरी फेल नै नहुने बनाउन नियमितरूपमा मूल्यांकन गर्ने र सहयोग गर्ने भन्ने चटक्कै बिर्सियो। कोर्स छिटो सकाउने शिक्षक जाँगरिलो बन्ने भयो। त्यसैले खेतबारी जोत्नेले मेलो सकाउने अभियान चलाएजस्तै पाठ्यपुस्तक सकाउने अभियान चलिरह्यो। सिकाउने, जाने-नजानेको हेर्ने, थप सहयोग गर्ने, अभिभावकसँग छलफल गर्ने सबै हात्तीका देखाउने दाँत भए।

निरन्तर विद्यार्थी मूल्यांकन कुनै एउटा पाठको कक्षाकार्य दिएर त्यसमा हिसाब मिलाएको आधारमा रेजा लगाउने भन्ने बुझाइ नै पूरै गलत छ। अनि कुनै पनि विद्यार्थीले कतिवटा हिसाब मिलायो भन्ने आधारमा रेजा लगाउने भन्ने पनि होइन। माथिको समस्यालाई वास्तविक मानेर हेर्ने हो भने उक्त समस्या आउनुमा विद्यालय र गणित विषय पढाउने शिक्षक कारक तत्व हो।

विद्यालय तहको साना कक्षाको अनुभव नै नभएका, ठूला-ठूला सिद्धान्तका रटान लगाएका केही अनुसन्धानकर्ताका बजेट सकाउने अनुसन्धानले लेखेका सुझावहरूकै आधारमा यसलाई राम्रो र कार्यान्वयन गर्नुपर्छ भन्ने एउटै रटान लगाउनुभन्दा यसको वास्तविक मूल्यांकन गरेर कार्यान्वयनको सुनिश्चितता गरेर मात्र बजेट खर्च गर्नु उपयुक्त होला।

निरन्तर विद्यार्थी मूल्यांकनकै कारण विद्यार्थीको सिकाइमा समस्या हो भने यसकै बहानामा सिकाइ कमजोर बनाउनु आवश्यक छैन अब। एकथरी यसैको कार्यान्वयनमा बल गर्ने, अर्का थरी यसको कार्यान्वयन नगर्न र समस्या देखाउन बल गर्ने अवस्था छ। यी दुई बलियाहरूको मिचाइमा विद्यार्थीको सिकाइ परेको छ। स्थानीय सरकारहरूले शिक्षा सुधारका केही कदमहरू चालिरहेका, केही गरौं भन्ने सोचले काम गरिरहेको सन्दर्भमा बृहत् बहस, छलफल र अन्तरक्रिया गरी निरन्तर विद्यार्थी मूल्यांकन हाम्रो विद्यार्थीको सिकाइका लागि सहयोगी बनेको छ वा शिक्षकलाई विद्यार्थीको कमजोर सिकाइको कारक तत्व बनाउन सहयोग पुगिरहेको छ ? स्वस्थ बहस होस्।

*- दर्शन रेग्मी रुकुम।*

## सामाजिक सञ्जाल



जसरी निर्दोषलाई ज्ञान हुन्छ, सत्यतथ्यमा आधारित छानबिनले नै सबै प्रश्नको सही उत्तर दिन्छ, त्यस्तै अपराधीले पनि निष्पक्ष छानविन हुँदा आफू फसिने बुझेको हुन्छ र त्यहींबाट शुरू हुन्छ अफवाहपूर्ण कुप्रचारसहितको कसैलाई फसाउने प्रपञ्च। सत्य दुइटा हैन एउटा मात्रै हुन्छ। झुटो टिक्दैन।

**Nawa Raj Silwal**
**@Nawasilwal**



गाउँपालिका र नगरपालिकाका अध्यक्ष-उपाध्यक्ष र प्रमुख-उपप्रमुखहरूको मतबाट निर्वाचित जिल्ला समन्वय समिति जसको मतभार स्थानीय तहभन्दा पनि बढी हुनुपर्ने थियो, तिनीहरूलाई राष्ट्रिय सभा निर्वाचनमा मतदानबाटै वञ्चित गरिएको रहेछ। संवैधानिक भद्रगोल ! यो व्यवस्था संशोधन गर्न जरूरी छ।

**Mahadev Bharati**
**@MahadevBharati**

{ मसाल जुलुसमा प्रयोग भएका बाँसको लौरी संकलन गरी फूल बगैंचाको सजाउ तथा सुरक्षा घेरबार, सर्वसाधारणले आगो बाल्न फालेका काठका टुक्रा जोडेर कुर्ची, टेबल, बोर्डहरु र रूखको जरामा विभिन्न किसिमका जनावरको मुखाकृति बनाउनुहुन्छ।

# हतियार देखाएर १४ लाख लुटपाट

पुष्कर बुढाथोकी, भक्तपुर

भक्तपुरमा बुधबार राति हतियारधारी समूहले एक परिवारलाई कब्जामा लिएर लुटपाट गरेको छ। सूर्यविनायक नगरपालिका-७ सिपाडोलमा गएराति हतियारधारी समूहले काभ्रे ज्याम्दी गाउँपालिका-९ घरभई गणेश स्कुलनजिकै मनहरि बस्नेतको सिपाडोलस्थित घरमा डेरा बस्दै आएका कुखुरा व्यवसायी रामबहादुर तामाङको परिवारलाई पेस्तोल देखाएर लुटपाट गरेको हो।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक कृष्ण प्रसाईंले घटनापछि खबर आएलगत्तै प्रहरी घटनास्थल पुगेर अनुसन्धान शुरू गरेको बताउनुभयो। उहाँले भन्नुभयो- 'राति करिब २ : ३० बजे १० जनाको नकाबधारी समूह लामा बस्दै आएको घरको पर्खाल नाघेर कम्पाउन्डमा पसेपछि मुख्य ढोकाको भेन्टिलेटरको सिसा फुटाएर हात छिराई ढोकाको चुकुल खोलेर भित्र पसेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ।'

नाटकीय शैलीमा

डकैती गर्ने गिरोहका सदस्यले सम्पत्ति लुटिसकेपछि नाटकीय शैलीमै भागेको पीडितले बताएका छन्। शुरूमा रिभल्वर देखाई परिवारका सदस्यलाई नियन्त्रणमा लिएका उनीहरूले पछि सबै धनमाल लिइसकेपछि अनौठो व्यवहार देखाएका हुन्। महानगरीय अपराध महाशाखाले पनि घटनाको अनुसन्धान थालेको छ।

प्रहरीका अनुसार नकाबधारी समूहले रिभल्वर देखाउँदै घरका १० जनाको परिवारको मोबाइल खोसेर सबैलाई डोरीले बाधेर लुटपाट गरेका हुन्। अनुसन्धानबाट लुटेराले १० वटा मोबाइल, बा८५प ७८५० नम्बरको एक मोटरसाइकल, करिब साढे १८ तोला सुन, लत्ताकपडा र नगद रु. १ लाख ६३ हजारलगायत रु. १४ लाख रुपियाँभन्दा बढीको धनमाल लुटपाट गरेको प्रहरीको भनाइ छ। कुखुराका चल्ला र दाना उत्पादन गरी व्यवसाय गर्ने वर्ष ४३ का तामाङका अनुसार नकाबधारी समूहमा आएकाले लुटेरा समूहले पेस्तोल र अन्यले खुकुरी, रडलगायतका घरेलु हतियार बोकेका थिए। हातखुट्टा बाँधेर आतंकित बनाएर लुटपाट गरेको उहाँको भनाइ थियो।

लुटेरा समूह मध्येका एकले जाने बेलामा लामाको छोराको गालामा म्वाई खाएर सुमसुम्याएर गएको बताउँदै प्रहरीले लुटेरा समूहमा लामासँग चिनजान भएका र घरको सबै जानकारी पाएकै व्यक्ति भएको हुन सक्ने प्रहरीले अनुमान गरेको छ। मंगोलियन अनुहार भएका अपरिचित व्यक्तिहरूले हतियार (रिवल्भर) जस्तो चिज देखाई डर त्रास दिई नगद तथा जिन्सी सामानहरू लुटपाट गरेको भन्ने जानकारी प्राप्त हुनासाथ परिसरबाट प्रहरी नायव उपरीक्षक तथा वृत्त जगातीबाट प्रहरी अधिकृतसहितको टोली खटी गई घटना सम्बन्धमा सूक्ष्मरूपमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

फरार रहेका व्यक्तिलाई तदारुकताका साथ खोजतलास गर्ने कार्य जारी रहेको प्रहरीको भनाइ छ। शहरी बस्तीनजिक भएको लुटपाटको घटनाले स्थानीयसमेत त्रसित भएका छन्।

# कांग्रेसले गर्‍यो मनोनयन

काठमाडौं, (नेस)

नेपाली कांग्रेसले राष्ट्रियसभामा उठाउने उम्मेदवारको उम्मेदवारी दर्ता गरेको छ।

**नेपाली कांग्रेस**

**प्रदेश नम्बर १**
रमेशजङ रायमाझी (खुला), सरिता प्रसाईं (महिला), महेश जाजु (अल्पसंख्यक), विन विश्वकर्मा (दलित)

**प्रदेश नम्बर २**
जितेन्द्र देव (खुला), मुक्ता यादव (महिला)

**प्रदेश नम्बर ३**
राधेश्याम अधिकारी (खुला), धना खतिवडा (महिला), मदनकृष्ण श्रेष्ठ (आदिवासी अल्पसंख्यक), हरिशरण नेपाली (दलित)

**प्रदेश नम्बर ४**
सुरेन्द्र पाण्डे (खुला), वृन्दा राना मगर (महिला), जीतबहादुर नेपाली (दलित), प्रकाश पन्त (अपांग अल्पसंख्यक)

**प्रदेश नम्बर ५**
दुर्गाप्रसाद उपाध्याय (खुला), अनिता देवकोटा (महिला), माइकुलाल वाल्मीकी (दलित), लुटबहादुर खत्री (अपांग)

**प्रदेश नम्बर ६**
विष्णुबहादुर शाही (खुला), सूर्यदेवी मल्ल (महिला), सीताराम विके (दलित), गोपालप्रसाद शर्मा (अपांग अल्पसंख्यक)

**प्रदेश नम्बर ७**
बद्री पाण्डे (खुला), तारा भट्ट (महिला), शरीराम पार्की (दलित), छत्रराज जोशी (अपांग)

# डीएसपीको अद्भूत सिर्जना

**नेपाल समाचारपत्र**

काठमाडौं

महानगरीय प्रहरी वृत्त सोह्रखुट्टेका प्रमुख प्रहरी नायव उपरीक्षक दीपक पोखरेल प्रहरी संगठनभित्र असल र इमानदार प्रहरी अधिकृतको रूपमा मात्र नभई अनौठो र अद्भूत कला सिर्जनाका लागि समेत परिचित हुनुहुन्छ।

कानुनका विद्यार्थी डीएसपी पोखरेलले कलाकारिताको 'क' पनि सिक्नु भएको छैन तर, उहाँले सिर्जना गरेको कला एक निपूर्ण कलाकारको कलाभन्दा कम छैन। विशेष गरी 'कवाडी' सामानहरूलाई संकलन गरी कला सिर्जना गर्ने अनौठो प्रतिभा उहाँमा छ। दाउरा बाल्न फालिएको काठ, जरा, लौरी र मुढाहरूबाट विभिन्न आकृतिका वस्तु निर्माण गर्नुका साथै घर-कार्यालयमा सजाउन लायक कला निर्माण गर्नुहुन्छ। ताप्लेजुङ जिल्लामा प्रहरी प्रमुख हुँदा आन्दोलनकारीबाट बरामद गरेका बाँसका भाटाले घेरवार गरी ठूलो उद्यान निर्माण गर्नु भएको छ।



त्यस्तै स्थानीय बजारबाट बरामद अवैध मदिराका जर्किनमाथि गमला, मसाल जुलुसमा प्रयोग भएका बाँसको लौरी संकलन गरी फूल बगैंचाको सजाउ तथा सुरक्षा घेरबार, सर्वसाधारणले आगो बाल्न फालेका काठका टुक्रा जोडेर कुर्ची, टेबल, बोर्डहरू र रूखको जरामा विभिन्न किसिमका जनावरको मुखाकृति बनाउनुहुन्छ। डीएसपी पोखरेल भन्नुहुन्छ- 'संकलन गरी राखे कवाडी सामानबाट पनि कमालको आर्ट बन्दोरहेछ। उहाँले जुन आर्ट तयार पार्नुहुन्छ त्यसमा प्रयोग भएको सामान कहिले र कसरी प्राप्त भयो उक्त कुरासमेत उल्लेख गरिदिँदै आउनुभएको छ। फालिएका वस्तु कला कुँदेर पुनः प्रयोगमा ल्याउँदा आकर्षणमात्र नभई टिकाउसमेत हुने गरेको दाबी उहाँको छ। कागजका टुक्राटुक्रीबाट कार्यालयको भित्तामा आकर्षक डिजाइन तयार पार्ने, प्रहरीकै तोडफोड भएका तथा प्रयोगविहीन वस्तुलाई समेत कला सिर्जना गरी सजावट सामग्रीको रूपमा पुनः प्रयोगमा ल्याउन सकिने भनाइ उहाँको छ।

आफू कार्यालय प्रमुख रहेको प्रहरी कार्यालयमा उहाँले यस्तै किसिमको आर्ट सिर्जना गरी बिदाइ हुने गर्नुभएको छ। 'म कुनै पनि वस्तुमा कला देख्छु', उहाँले थप्नुभयो- 'त्यसैले त फालिएको वस्तु पुनः आकर्षक शैलीमा प्रयोग गर्न सक्ने बनाउँछु।'

## आगलागीबाट १० लाखको क्षति

भक्तपुर, (नेस)

भक्तपुरको मध्यपुर थिमि-५ राधेराधे चोकमा भएको आगलागीबाट धनमाल जलेर नष्ट भएको छ। स्थानीय नवराज कसपालको चारतल्ले घरको भुइँतलामा सिन्धुलीका प्रेमबहादुर बस्यालले सञ्चालन गरिरहेको साथीभाइ खाजा घरमा विद्युत् चुहावट भई आगलागी हुँदा १० लाखबराबरको धनमाल जलेर नष्ट भएको हो। नेपाल प्रहरी, जुद्ध वारुणयन्त्र र स्थानीय बासिन्दाको संयुक्त प्रयासबाट आगो नियन्त्रणमा लिइएको महानगरीय प्रहरी परिसरले जनाएको छ।

## मोटरसाइकल चोरी गर्ने पक्राउ

काठमाडौं, (नेस)

चोरीको मोटरसाइकल र लागूऔषधसहित काभ्रे घर भई काठमाडौं महाराजगन्ज बस्ने डेण्डुप लामा र महाराजगन्ज बस्ने सोलुखुम्बु घर भएका सविन श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ।

उनीहरूले माघ ८ गते शिक्षण अस्पतालबाट जितबहादुर वाईवाको बा६०प ४०३० नम्बरको युनिकन मोटरसाइकल चोरी गरेका थिए। उनीहरूलाई प्रहरीले शिक्षण अस्पताल महाराजगन्जअगाडि रहेको सुनाखरी होटलबाट चोरीको मोटरसाइकल र लागूऔषध डाइजोल्याव ५ एम्पुल, नुर्फिन ५ एम्पुल, फेनेरागन ५ एम्पुल र ३ थान सिरिन्जसहित पक्राउ गरेको हो।

**Rangehood Chimneys MRP with VAT**

| SN. | Product Details | Per Pcs NRP |
|---|---|---|
| 1. | Sales Rate per pcs with VAT TN 00897 | 6700/- |
| 2. | Sales Rate per pcs with VAT TN 0898 | 6400/- |
| 3. | Sales Rate per pcs with VAT TN 0899 | 8500/- |

**Best Wood Maker Nepal**
Lalitpur, Ph: 9851163611

## बोलपत्र स्वीकृति गर्ने सम्बन्धि आशयको सूचना

सुचना प्रकाशित मिति :- २०७४/१०/११

नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, बैदेशिक महाशाखा, **काठमाडौं चक्रपथ सुधार योजना, एकान्तकुना, ललितपुर**द्वारा मिति २०७४/०७/१९ गतेको नेपाल समाचारपत्र दैनिकमा प्रकाशित सूचना नं. १/०७४/७५ अनुसार तपशिलमा उल्लेखित खरिद कार्य संग सम्वन्धित देहाय बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३) को प्रयोजनार्थ उक्त बोलपत्रहरुमा सहभागी सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | सफल बोलपत्रदाताको नाम ठेगाना | बोलपत्रको कबोल रकम (मु.अ.कर र पीस समेत) |
|---|---|---|---|---|
| १. | KRIP 3373274/074 /075-01 | Construction of drain &Asphalt concrete for service road work along Shiva Mandir-Aasharm Marg-Balkhu | UMA & COMPANY/SHANTY J.V. LALITPUR | 3,36,16,547.67 |
| २. | KRIP 3373274/074 /075-02 | Construction of drain &Asphalt concrete for service road work along Dhobighat-Pattipa Chowk | UMA & COMPANY/SHANTY J.V. LALITPUR | 1,47,17,694.94 |

योजना प्रमुख

नेपाल सरकार
सिंचाई मन्त्रालय
जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग
**जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय ३**
हरिपुर, सर्लाही

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

(प्रथम पटक प्रकाशित मिती :- २०७४।१०।११)

यस कार्यालयको स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत नदी नियन्त्रण सम्बन्धि कार्य खरिदको लागि नेपाल समाचार पत्र राष्ट्रिय दैनिकको मिती २०७४।८।२४ मा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम प्राप्त बोलपत्रहरु मध्ये वोलपत्र मूल्यांकन समितीको सिफारिस अनुसार देहाय बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही रहेकोले स्वीकृतीको लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जाकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नम्बर | फर्मको नाम, ठेगाना | कबोल अंक (मू.अ.कर बाहेक) |
|---|---|---|
| LKRTW/LB-01/074-75 | जय भवानी निर्माण सेवा, मंलगवा १०, सर्लाही | १,०२,६२,३३०।७५ |
| LKRTW/LB-02/074-75 | पृथ्वी इन्जिनियर्स एण्ड विल्डर्स प्रा.लि. , काठमाण्डौ | ५१,७०,९६४।२८ |
| LKRTW/RB-03/074-75 | पृथ्वी इन्जिनियर्स एण्ड विल्डर्स प्रा.लि., काठमाण्डौ | ३८,४०,७६४।०२ |
| LKRTW/LRB-04/074-75 | मुन्ना कन्स्ट्रक्सन, कठरीया ४, रौतहट | ४५,०४,४४४।०० |
| JRTW/LRB-05/074-75 | नौतम देव जे.भी., ज.उ.म.न.पा., धनुषा | १,०४,७२,६९८।४० |
| BKRTW/LRB-07/074-75 | पृथ्वी इन्जिनियर्स एण्ड विल्डर्स प्रा.लि., काठमाण्डौ | ९८,७६,२३२।८४ |

(कार्यालय प्रमुख)

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, उपहार प्राप्ति, चिताएको कुरा पुग्ने सम्भावना।
**वृष** : धनको खर्च, चोटपटकको सम्भावना, वादविवाद, निरर्थक खर्च।
**मिथुन** : आम्दानी, साथीभाइ-इष्टमित्रबाट सहयोग, खाद्यान्न प्राप्ति।
**कर्कट** : स्वस्थता र आनन्दको अनुभूति, कार्य सफल, सुख-सन्तोष।
**सिंह** : राजा अर्थात् राज्य सञ्चालकबाट लाभ, विजय, मान वृद्धि।
**कन्या** : शारीरिक अस्वस्थता, आर्थिक नोक्सानी, काममा बाधा।
**तुला** : धन प्राप्ति, समस्या समाधान, पुरस्कार-सम्मान पाइने।
**वृश्चिक** : धनलाभ, खेलकुद-परीक्षामा सफलता, पैसा प्राप्तिको सम्भावना।
**धनु** : काममा सफलता, जोस-जाँगर बढ्ने, आय वृद्धि, सुख-सन्तुष्टि।
**मकर** : छिमेकमा विवाद, पेटको स्वास्थ्य समस्या, दौडधुप।
**कुम्भ** : द्रव्यलाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, कार्य सफल, प्रसन्नता।
**मीन** : धनलाभ, आर्थिक उन्नति, शुभ कार्य, सुखानुभूति।

# नेपाल

उहाँ भन्नुहुन्छ- 'दलितको दूध गाउँमा चलाउन गाह्रो हुन्छ भनेर सहकारीले हाम्रो दूध मिसाउँदैन, हाम्रो दूध पनि मिसाइदिए छोराछोरीले कापी कलम किन्थे, नुन चिनी किन्न समस्या हुने थिएन।'

## २१ किलो चरेससहित पक्राउ

ललित सिंह, बझाङ

बझाङ जिल्लामा लागूऔषध चरेस २१ केजी ८ सय ग्रामसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ। मंगलबार बेलुका दुर्गाथली गाउँपालिका-६ बस्ने ३० वर्षीय कलक जाग्रीलाई २१ किलो ८ सय ग्राम लागूऔषध चरेससहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यलयका निमित्त कार्यालय प्रमुख इन्सपेक्टर माधव विश्वकर्माले जानकारी दिनुभयो।

चरेश बिक्री गर्नका लागि जाग्रीले बोकी ल्याउँदै गर्दा प्रहरीले गोप्य सूचनाको आधारमा केदार स्युँ गाउँपालिका-१ बगाडबाट जाग्रीलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ। जाग्रीका आफन्तका अनुसार लागूऔषध चरेस जाग्रीको नभई अरू कसैको भएको बताएका छन्।

जाग्रीले एक कट्टा चामल दिने भनेपछि चरेसको भारी बोकेको बताइएको छ। यता जिल्ला प्रहरी कार्यालयले भने जाग्री भरिया हुन् या जाग्रीको नै चरेस हो भन्ने विषयमा अनुसन्धान भइरहेको बताएका छन्।

जिल्लामा वर्षैंपिच्छे चरेस बरामद हुने गरेको भए पनि यसको रोकथामका लागि सरोकारवाला निकायले चासो दिएको छैन। जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कअनुसार २०७४ भदौ २५ गतेदेखि हालसम्म बझाङमा ८० किलो ४ सय ग्राम चरेस बरामद गरिएको छ। २०७४ साल भदौ २५ गते छविस पाथिभेरा गाउँपालिका-१ भाँडेबजारबाट ४५ किलो चरेससहित २ जना पक्राउ गरेको थियो। यस्तै असोज ७ गते बुंगल नगरपालिका-३ विजडामा १ किलो ५ सय ग्राम चरेससहित एक जना पक्राउ, असोज ३० गते चिरवित्थड गाउँपालिका-३ स्याँडीबाट ५ सय ग्राम चरेससहित २ जना पक्राउ, मंसिर १२ गते दुर्गाथली गाउँपालिका-२ मौरीबगरबाट ४ किलो चरेससहित २ जना पक्राउ परेको निमित्त कार्यालय प्रमुख माधव विश्वकर्माले जानकारी दिनुभयो। यसै वर्षभित्र पुस १८ गते जयपृथ्वी नगरपालिका-११ भोपुरबाट ७ किलो १ सय ग्राम चरेससहित एक जना पक्राउ परेका थिए।



बढीजसो पक्राउ पर्नेमा भरिया रहेको प्रहरीको भनाइ छ। भरियासँग सोधपुछ गर्दा सही सूचना नदिई भरियाहरूले गलत सूचना दिने गरेका कारण यसको गहिराइसम्म पुग्न नसकेको विश्वकर्माको भनाइ छ। पक्राउ परेकाहरूले आफूहरू त फसे पनि अरू नफसून् भन्ने मनसायका कारण वास्तविक दोषी उम्कने गरेका र निर्दोषी तथा भरियाहरू फस्ने गरेको पाइएको छ।

बझाङका दुर्गाथली, सुर्मा र छविसपाथीभेरालगायतका गाउँपालिकामा चरेसको खेती गर्ने प्रचलन रहिआएको छ। पाखो जमिनमा सिँचाइको सुविधा नभएका कारण यहाँका अधिकांश स्थानीय यो खेती गर्न बाध्य छन्। परिवारको खाना र लुगाकपडाको आपूर्ति गर्ने माध्यम चरेस खेती भएका कारण कारण अधिकांश निर्दोष फस्ने गरेको जिल्लाका जानकार व्यक्तिले बताएका छन्।

### अझै छुवाछूत कायमै

## दलित भएकै कारण दूध बिकेन

सिर्जना पन्त, बागलुङ

बागलुङको काठेखोला गाउँपालिका-२ साविक भीमपोखरा गाविसका दलित किसानहरूले उत्पादन गरेको दूध बिक्री नभएपछि चिन्तित बनेका छन्। आफूहरूले उत्पादन गरेको दूध र दूधजन्य सामग्री बिक्री नभएपछि उनीहरू चिन्तित बनेका हुन्। भीमपोखराका ४२ वर्षका चिन्तामणि सुनारले दुईवटा भैंसी पाल्नुभएको छ। गाउँमै दुग्ध सहकारी भए पनि दलित भनेर दूध सहकारीले लिन नमानेपछि उहाँले दूधबाट घिउ बनाएर मोही मलखादमा फाल्दै आउनुभएको छ। तर दलित भएकै कारण उहाँले उत्पादन गरेको घिउ पनि बिक्री नहुँदा उहाँलाई चिन्ताले सताएको छ।

उहाँ भन्नुहुन्छ- 'दलितको दूध गाउँमा चलाउन गाह्रो हुन्छ भनेर सहकारीले हाम्रो दूध मिसाउँदैन, हाम्रो दूध पनि मिसाइदिए छोराछोरीले कापी कलम किन्थे, नुन चिनी किन्न समस्या हुने थिएन।' गाउँका मानिसहरूले दूध बिक्री गरेर १० हजार कमाए भनेर सुनाउँदा पनि उनको मन अमिलो हुन्छ। 'गाईवस्तु पालौं भने दूध बिक्दैन, ज्याला मजदुरी र खेतीपाती गर्नुको अरू विकल्प छैन', उहाँ भन्नुहुन्छ- 'अरूले जस्तै गरी दूध बिक्री गर्न पाए व्यावसायिकरूपमै पशुपालन गर्ने ठूलो चाहना छ।' चिन्तामणिजस्तै भीमपोखरामा कैयौं घरपरिवारले उत्पादन गरेको दूध बिक्री गर्न नपाउँदा भित्र-भित्रै तड्पन्छन्, तर उनीहरूको इच्छा कहिलै पूरा नहुने बताउँछन्। त्यस ठाउँमा रहेको एक सहकारीमा बारम्बार दूध मिसाउन पाउनुपर्छ भनी आन्दोलन गरे पनि सहकारीमा भएका २ जनाको शेयर समेत निकालिदिएको गुनासो गर्छन्।

सोही गाउँकी कुमारी विकले बारम्बारको प्रयास विफल भएपछि अहिले मिसाउनका लागि प्रयत्न गर्नै छाडेको बताउँनुभयो। उहाँले तरकारी, बाख्रा, कुखुरा पाले मात्रै आम्दानी हुने भन्दै दूध बेचेर घरखर्च चलाउने विषय सपना मात्रै भएको बताउनुभयो। बजार टाढा भएकाले डोकोमा बोकेर लैजान नसकिने भएकाले अहिले घरमा उत्पादन गरेको दूध खेर गइरहेको बताउनुभयो। त्यहाँका झण्डै २५ घरधुरीले अहिले दूध बिक्री गर्न नपाएको बताएका छन्। उनीहरू जस्तै नेपालका धेरै स्थानका दलित समुदाय अझै पनि विभेद खेप्न बाध्य छन्।

## लुइँटेल भञ्ज्याङ-भच्चेक सडक समयमै कालोपत्रे नहुने पक्का

गोरखा, (नेस)

जिल्लाको ठूलोमध्येको एक व्यापारिक केन्द्र पुग्ने लुइँटेल भञ्ज्याङ-भच्चेक सडकखण्डको कालोपत्रे गर्ने काममा ठेकेदारको बदमासीका कारण निर्धारित समयमा कालोपत्रे नहुने पक्का भएको छ।

भूकम्पीय आपत्कालीन सहायता आयोजनाअन्तर्गत निर्माणाधीन लुइँटेल भञ्ज्याङ-भच्चेक सडकखण्डको ३० दशमलव ५ किलोमिटर सडक स्तरोन्नति र कालोपत्रे गर्न ठेकेदारले लापरबाही गरेको जिल्ला प्राविधिक कार्यालय गोरखाले जनाएको छ। दुई खण्डमा स्तरोन्नतिसँगै कालोपत्रे हुने सो सडकखण्डको ठेक्का पनि भिन्न दुई कम्पनीले पारेका छन्।

सडकको ० देखि १७ दशमलव ६ सम्म अम्मर लामा जेभी कन्स्ट्रक्सन र बाँकी खण्डमा लामा कन्स्ट्रक्सनले निर्माणको जिम्मा पाए पनि काममा ढिलासुस्ती भएको जिल्ला प्राविधिक कार्यालयका प्रमुख होमनाथ पौडेलले जानकारी दिए। 'उनीहरूले २०१६ को डिसेम्बर १२ मा २०१८ को जुन महिनाभित्र काम सम्पन्न गर्ने भनेर जिम्मा पाएका हुन्', उनले भने- 'काम गर्ने स्पिड नै छैन। फिल्डमा आवश्यक निर्माण सामग्री नै झार्न सकेका छैनन्। यही हिसाबको कार्य प्रगतिले समयमा काम सम्पन्न नहुने पक्का भइसकेको छ।' उनले उक्त सडकखण्डमा काम २८ दशमलव ५ प्रतिशत मात्रै भएको र समय सीमा भने ७१ प्रतिशत सकिइसकेको समेत बताए। भूकम्प आपतकालीन सहआयोजनाअन्तर्गत सो सडक एसियाली विकास बैंकको ६० करोड ६३ लाख रुपियाँको लागतमा बन्न लागेको हो। पहिलो चरणको सडक निर्माण कम्पनीका प्रमुख भद्रबहादुर शाहीले अटेरी गर्ने गरेको प्राविधिक कार्यालयले जनाएको छ। 'यो कम्पनीको फिल्डमा दुई वटा क्रसर पनि छन्', पौडेलले भने- 'घरहरू पर्ने ठाउँको मुआब्जाको कुरा पनि टुंगिएको छैन।'

'यति काम गर्छौं उति काम गर्छौं भनेर टार्गेट पनि दिन्छन्, तर काम भने सुस्त गर्छन्' -उनले भने। प्रमुख पौडेलले अन्य आयोजनामा जस्तो यसमा समयावधि थपिने सम्भावना पनि कम रहेको छ। जिल्ला यातायात गुरुयोजनाले प्राथमिकता दिएको सो सडकको पहिलो खण्डभन्दा दोस्रो खण्डमा केही काम भएको छ। 'आयोजना गुम्ने खतरा पनि छ', उनी भन्छन्- 'भूकम्पले अति प्रभावित १४ जिल्लामा रहेको एडीबीको सहयोग अन्य जिल्लामा भन्दा गोरखामा फरक छ।

अन्य जिल्लामा स्तरोन्नति मात्रै छ। गोरखामा भने स्तरोन्नतिसँगै कालोपत्रे गर्ने काम पनि छ।' उक्त सडक ३ दशमलव ७५ मिटर चौडाइ र त्यसबाहेक दायाँ र बायाँ ० दशमलव ७५ मिटर फसटपाथ समेत निर्माण हुने गरी काम भइरहेको हो। प्राविधिकका अनुसार केही ठाउँबाहेक अधिकांश ठाउँमा चौडा गर्ने, दायाँ-बायाँ पर्खाल लगाउने कामहरू धमाधम भइरहेको छ। ठेकेदारले जनशक्ति थप गरे आगामी असारसम्ममा सडक पिच हुने सम्भावना कमै रहेको प्राविधिकहरूको भनाइ छ।

## परियोजना सम्पन्न

नुवाकोट, (नेस)

वर्ल्ड भिजनका साझेदार संस्थाको नुवाकोटमा सञ्चालित परियोजना समापन भएको छ। नुवाकोटको विदुरमा बुधबार सामुदायिक तथा विकास प्रबर्द्धन समाजद्वारा आयोजित एक कार्यक्रममा उक्त कुराको जानकारी गराइएको छ।

वर्ल्ड भिजन इन्टरनेसनल नेपालले २०७२ को भूकम्पपश्चात् विभिन्न साझेदार संस्थामार्फत् कार्यान्वयन गरेका परियोजना सफल भएको वर्ल्ड भिजन नुवाकोटले जनाएको छ। वर्ल्ड भिजन इन्टरनेसनल नेपालले २०७२ को भूकम्पपश्चात् स्थानीय साझेदारसँग रहेर हाल सामुदायिक तथा व्यवसायिक विकास प्रबर्द्धन समाज र गेर्खुटार युवा क्लव नेपालमार्फत् नुवाकोटको विदुर नगरपालिका, तादी गाउँपालिका र सूर्यगढी गाउँपालिकामा विभिन्न परियोजना सञ्चालन गरिरहेको छ।

शिक्षा, बाल संरक्षण, स्वास्थ्य र खानेपानी तथा सरसफाई परियोजनामार्फत् ६० हजारभन्दा बढी व्यक्तिमा पुगेको वर्ल्ड भिजन इन्टरनेसनल नुवाकोटकी कम्युनिकेसन म्यानेजर एलिना आर श्रेष्ठले बताउनुभयो।

वर्ल्ड भिजन इन्टरनेसनल नेपालले नुवाकोटमा २० वटा खानेपानी आयोजनाको निर्माण, पुनर्निर्माण, ३ वटा विद्यालयको भवन निर्माण र ६ वटा महिला किशोरीहरूको युवा बालमैत्रीको स्थान निर्माणलगायतका साथै २ हजार ४७ शौचालय निर्माण गरेको बताएको छ। यी परियोजनामा करिब ४१ करोड खर्च भएको वर्ल्ड भिजन इन्टरनेसनल नेपाल नुवाकोटका प्रबन्धक मानवीर विश्वकर्माले जानकारी दिनुभयो।

त्यस्तै वर्ल्ड भिजन नुवाकोटको व्यावसायिक सीप विकास तालिममा सहभागी सुभद्रा रिमालले परियोजनाको सहयोगले आफूलाई काम गर्न निकै सहयोग पुगेको बताउनुभयो। रिमालले भन्नुभयो- 'वर्ल्ड भिजनको सहयोगमा थोरै लगानीमा पनि धेरै प्रतिफल पाउन व्यवहारिक तथा प्राविधिक ज्ञान पाउन यसले मेरो जीवनलाई निकै सहज बनाएको छ।'


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

### जग्गा विक्रीमा

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

### राहदानी हरायो

मेरो निम्न व्यहोराको मलेसियाको भिसा सहितको राहदानी मिति २०७४।१०।०४ गते काकडभित्ताबाट फत्तेपुर सम्म जाने क्रममा हराएकोले पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालयमा वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नामः जित बहादुर तामाङ्ग
पासपोर्ट नं.:०८७८२३७६
ठेगानाः फत्तेपुर, सप्तरी
सम्पर्कः ९८२७७२२४२८

### वर्गीकृत डिस्प्ले

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

### डिप्रेशन र माईग्रेनको सफल उपचार !!!

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

### मर्मत

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

### चाहियो

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

### बाथ तथा दमको अचुक उपचार

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि-गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र (NEPAL SAMACHARPATRA) को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**

सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

‘ढिलो गरेर भए पनि हिउँ पर्‍यो’, सामागाउँका छिरिङ हिराचनले भने- ‘हिजो बेलुकादेखि नै अलिअलि पर्न लागेको थियो बिहान तीन बजेतिरबाट त बेस्सरी परेको छ।’

# नेपाल

## उत्तरी गोरखामा हिमपात

# कतै खुसी कतै चिन्ता

**सन्तोष अधिकारी, गोरखा**

हिउँ परेपछि हिमालपारिका गोरखाकाली खुसी भएका छन्। सिँचाइको अभावले खेतीपाती लगाउने सिजन घर्किनै लाग्दा हिउँ परेपछि उत्तरी गोरखाका स्थानीय खुसी भएका हुन्। बुधबार बिहानैदेखि गोरखाका विभिन्न क्षेत्रमा हिमपात भइरहेको छ।

‘ढिलो गरेर भए पनि हिउँ पर्‍यो’, सामागाउँका छिरिङ हिराचनले भने- ‘हिजो बेलुकादेखि नै अलिअलि पर्न लागेको थियो बिहान तीन बजेतिरबाट त बेस्सरी परेको छ।’ अब भने खेतीपाती लगाउन पाइने भयो भनेर गाउँलेहरू पनि खुसी भएका छन्। यस वर्ष सामागाउँमा पहिलो पटक हिउँ परेको हो। तिब्बतसँग सीमा जोडिएको गोरखाको अन्तिम गाउँ साम्दोमा भने केही दिनअघि पनि सामान्य हिमपात भएको थियो।

उनका अनुसार सामागाउँबाट देखिने सबै क्षेत्रमा हिउँ परिरहेको छ। हिउँ परेपछि उत्तरी गोरखाका खेतबारी भिज्ने र खेती लगाउन सहज हुने गर्दछ। हिमपात भएको केही दिनपछि स्थानीयले खेती लगाउन शुरू गर्छन्। ‘हिजोसम्म त खेतबारीमा चिसो भन्ने नै थिएन सबै धुलो मात्रै थियो’ -उनले भने। हिउँ पग्लिएसँगै स्थानीयले जौ, करु, आलुलगायतका खेती गर्ने स्थानीयले बताएका छन्।

स्थानीय अहिले घरभित्रै आगो तापेर न्यानो भएर बसेका छन्। चौरी, घोडा र खच्चडहरूलाई पनि न्यानो ठाउँमा राखिएको स्थानीय बताउँछन्।

हिमपातपछि कष्ट बेहोर्नु परे पनि खेतीबाली लगाउन सहज हुने भएकोले स्थानीय खुसी भएको हिराचन बताउँछन्। गतवर्षमा पुसको दोस्रो सातादेखि नै हिमपात हुने गरे पनि यस वर्ष बल्ल परेको हो। हिउँ र चिसोबाट जोगिन केही स्थानीय बेंसी तथा तलका बस्तीहरूमा झरे पनि हिउँ परेको थिएन।



त्यस्तै गोरखाकै अन्य ठाउँहरू छेकम्पार, बिही प्रोकका माथिल्लो भेगमा पनि हिमपात भइरहेको स्थानीयले बताएका छन्। यता तल्लो मनास्लुको बारपाकमाथिका लेक, स्वाँराका विभिन्न लेकमा पनि हिउँ परिरहेको छ। अजिरकोट गाउँपालिकाको नागे पोखरी र दूधपोखरीलगायतका क्षेत्र तथा खर्कहरूमा पनि हिउँ परिरहेको स्थानीयले टेलिफोनमा जानकारी दिए। भूकम्पले घर भत्काएर बसेकाहरू भने चिसो बढेसँगै थप पीडामा परेका छन्। ‘भूकम्पले भत्काएको घर अझै बनाइसकिएको छैन’, केरौंजाका मानसिङ गुरुङले टेलिफोनमा भने- ‘सबैले घर बनाइसकेका छैनन्। उनीहरूलाई त माथि डाँडामा हिउँ परेर चिसो बढेको छ। टहरोमै बसेका छन्। पीडा भएको छ।’

गैरआवसिय नेपालीहरूको संस्था एनआरएनएद्वारा निर्माणाधीन गोरखाको लाप्राकस्थित गुप्सीपाखाको नमुना बस्ती बनाउने काम पनि हिमपातकै कारणले प्रभावित भएको छ। गुप्सीमा बिहान चार बजेदेखि हिउँ परेको नमुना बस्ती परियोजनाका इन्जिनियर दीपेश सिंहले टेलिफोनमा जानकारी दिए। ‘गुप्सीमा हामीले जहाँ घरहरू बनाइरहेका छौं यहाँ हिउँ परिरहेको छ’, उनले भने- ‘काम गर्न निस्कने अवस्था नै छैन। यसै त चिसो ठाउँ हो। हिउँ परेपछि काम गर्नेहरू सबै टेन्टभित्रै बसिरहेका छन्। यहाँ पाँच इन्चभन्दा धेरै बाक्लो हिउँ जमिसकेको छ, पर्न रोकिएको छैन।’

## रुकुम पूर्वमा भारी हिमपात

रुकुम, (नेस)

रुकुम पूर्व जिल्लाका विभिन्न ठाउँमा गएराति हिमपात भएको छ। हिमपातका कारण अत्यधिक चिसोले स्थानीयको जनजीवन कष्टकर बनेको छ। पुथा उत्तरगंगा गाउँपालिकाको मैकोट क्षेत्रमा भारी हिमपात भएको छ।

पूर्वी रुकुममा यो समयमा वर्षेनी हिमपात हुने गरेको छ। चिसोले बालबालिका तथा वृद्धवृद्धाहरू बढी प्रभावित भएका छन्। लगातारको हिमपातका कारण जनजीवन कष्टकर भएको छ। विशेष गरी बालबालिका र वृद्धवृद्धालाई समस्या भएको छ। तर खेतीपातीका लागि राम्रो भएको कृषकहरूले बताएका छन्।

रुकुम पश्चिमका केही उच्च भागमा हिमापत भएको र अन्य ठाउँमा हिउँ नपरे पनि पानी पर्नाले चिसो भने बढेको छ।

काठमाण्डौं महानगरपालिका
महानगर कार्यपालिकाको कार्यालय
उद्योग विकाश शाखा
त्रिपुरेश्वर, काठमाण्डौं

**उद्यम विकाश अधिकृत र तथ्यांक सहायक पद करारमा पदपूर्ति गर्ने वारेको सूचना**

सूचना प्रकाशित मिति : २०७४/१०/११

यस उद्योग विकास शाखा (साविक घरेलु तथा साना उद्योग कार्यालय) त्रिपुरेश्वर, काठमाण्डौंबाट चालु आ.व.२०७४/०७५ को गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) कार्यान्वयन गर्न देहाय बमोजिमको पदहरु २०७५ साल आषाढ मसान्तसम्मका लागि करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा दरखास्त दिनु हुन इच्छुक नेपाली नागरिकहरुको लागि दरखास्त आह्वान गरिएको छ।

**दरखास्त माग गरिएको पद संख्या** :- २

**१. उद्यम विकास अधिकृत:** १ जना **२. तथ्यांक सहायक:** १ जना

**न्यूनतम योग्यता**

**१. उद्यम विकास अधिकृत :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरहको उपाधी हासिल गरी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ताको LEVEL ३ उपाधी प्राप्त गरेको हुनुपर्नेछ।

**२. तथ्यांक सहायक :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा अर्थशास्त्र विषय लिई +2 वा सो सरह उर्तिण गरी मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको हुनुपर्नेछ।

**उमेरको हद :-** दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक

**दरखास्त दस्तुर :-** उद्यम विकास अधिकृतको लागि रु. ३००।००
र तथांक सहायकको लागि रु. २००।००

**दरखास्तसाथ अनिवार्य रुपमा संम्लग्न हुन पर्ने कागजातहरु :-**

१. उमेर खुलेको प्रमाणको प्रमाणित प्रतिलिपि।
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
३. विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, तालिम र अनुभव समेत आवश्यक पर्नेमा सो को प्रमाणित प्रतिलिपी समेत।
४. आदिवासी जनजाति, मधेसी तथा दलित उम्मेदवारको हकमा सम्वन्धित निकायले सो समूह अन्तर्गत हो भनी प्रमाणित गरेको कागजातको प्रमाणित प्रतिलिपी।
५. नागरिकतामा उल्लेख भए भन्दा हालको ठेगाना फरक भएमा बसाईसराईको प्रामाण पत्रको प्रमाणित प्रतिलिपी अन्तर्वाताको दिन उम्मेदवार आफ्नो सबै सक्कल प्रमाण पत्र सहित उपस्थित हुनुपर्नेछ।
६. पेश गरिने सबै प्रमाण कागजातहरुको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्नेछ।

**नोट:-**

विस्तृत जानकारीको लागि यस कार्यालयको टेलीफोन नं. ०१-४२६१४५० र ०१-४२५११५७ मा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ।

**नि.प्रमुख उद्योग अधिकृत**

## हिमपातसँगै सुदूर पहाडको जनजीवन प्रभावित

बैतडी, (नेस)

मंगलबार रातिदेखि मौसममा आएको परिवर्तनका कारण बुधबार बिहानै बैतडीसहित प्रदेश नं ७ का अधिकांश पहाडी जिल्लामा हिमपात भएको छ। हिमपात भएसँगै बढेको चिसोले जनजीवन प्रभावित भएको छ। बैतडीको खोडपे र सतबाँझलगायतका उच्च हिमाली क्षेत्रमा हिमपात भएको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ।

यस्तै दार्चुलाको अपी, राप्ला, घुसा, खण्डेश्वरी, छिङरु, व्यास र टिङ्करलगायतका ठाउँमा हिमपात भएको प्रेम चुनाराले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- ‘दार्चुलाका उत्तरी क्षेत्रमा सबै स्थानमा हिमपात भएको छ।’

चिसोबाटै बच्नका लागि दार्चुलाका उच्च हिमाली क्षेत्रका धेरैजसो बासिन्दा दुई महिनाअघि नै सदरमुकाम खलङ्गा झरिसकेका छन्।

डडेल्धुराको सदमुकामलगायत भीमदत्त राजमार्गको साहुखर्क, गैरा र हगुल्टलगायतका स्थानमा हिमपात भएको स्थानीय आशिष मल्लले जानकारी दिनुभयो।

बझाङको जयपृथ्वी नगरपालिका पणेश क्षेत्र, धामीलेख, पीठालेख, दौलीचौर, सुर्मा र काँडालगायतका क्षेत्रमा पनि हिमपात शुरू भएको छ। हिजो रातिदेखी पानी पर्न शुरू भएको भए पनि हिमपात भने बुत्रबार बिहानै भएको हो।

लेकाली भेगमा भने हिमपात जारी रहेको छ। बाजुराको बडिमालिका नगरपालिका, बूढीनन्दा नगरपालिका, हिमाली गाउँपालिकामा र त्रिवेणी नगरपालिकाको उच्च हिमाली क्षेत्रमा हिमपात भएको लक्ष्मीराज उपाध्यायले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- ‘वर्षासँगै हिउँ परेर चिसो बढे पनि बाली सप्रिने भन्दै किसानहरू खुसी भएका छन्।’

हार्दिक श्रद्धाञ्जली



जन्म
वि.स.१९९८/१/१८

स्वर्गारोहण
वि.स.२०७४/९/२९

स्व.राज बहादुर क्षेत्री

यस कामना न्यूज पब्लिकेसन्स प्रा.लि. का विज्ञापन प्रवन्धक श्री नन्दगोपाल क्षेत्रीको पूजनिय पिता **स्व.राज बहादुर क्षेत्री**का स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रदाञ्जली अर्पण गर्दछौ। साथै यस दु:खद् घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्राप्तिका लागि श्री परमेश्वरसँग प्रार्थना गर्दै भावपूर्ण समवेदना प्रकट गर्दछौं।

**पुष्करलाल श्रेष्ठ**
प्रधान सम्पादक
एवं
**कामना न्यूज पब्लिकेसन्स् परिवार**

**गाउँ कार्यपालिकाको कार्यालय**

**यान्त्रिक उपकरणहरू आपूर्तिसम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना**

**बनखुचौर, काभ्रे**

(प्रथम पटक प्रकाशन मिति : (२०७४/१०/११ गते)

१) यस गाउँपालिकालाई आवश्यक पर्ने तपसिलबमोजिमका यान्त्रिक उपकरण सप्लाइ गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहायबमोजिमका शर्तको अधिनमा रही रितपूर्वकको बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२) यो सूचना प्रकाशित गरिएको मितिदेखि ३०औं दिनको ठीक ५:०० बजेसम्म बोलपत्र फाराम यस कार्यालयमा अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र, अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाण पत्र, स्थायी लेखा नम्वर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित प्रमाण पत्र र उत्पादक कम्पनी वा नेपालमा रहेको आधिकारिक बिक्रेताबाट बोलपत्रदातालाई प्राप्त (Authorization letter) प्रमाणित प्रतिलिपि र निवेदन बोलपत्र फाराम दस्तुर रु ३०००। साथ पस गरेपछि नियमानुसार बोलपत्र फाराम (रकम फिर्ता नहुने गरी) यस कार्यालयबाट उपलब्ध गराइने छ। अथवा बोलपत्र दस्तुर यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, धुलिखेल, काभ्रे रहेको खाता नं. १०४०३०४०३८३०६ मा जम्मा गरी सो को भौचर पनि पेस गर्न सकिनेछ।

३) E-Bidding गर्ने बोलपत्रदाताहरूले बोलपत्र खोलेको ७ (सात) दिनभित्र अनिवार्यरूपमा सक्कल कागजातहरू कार्यालयमा बुझाइसक्नुपर्नेछ अन्यथा उक्त बोलपत्रदाताको बोलपत्रलाई मान्यता दिइने छैन।

४) बोलपत्र पेस गर्दा आफूले सप्लाई गर्न चाहेको यान्त्रिक उपकरणहरूको लागि बोलपत्र खरिद गरी बाहिर खाममा सम्बन्धित यान्त्रिक उपकरणहरूको विवरण तथा ठेक्का नं. स्पष्ट खुलाई पेस गर्नुपर्नेछ।

५) खरिद गरिएका बोलपत्र फारमहरूको महल स्पष्टरूपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा आई बोलपत्र दर्ता गराउन सकिनेछ।

६) बोलपत्र फाराम साथ जमानत रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, धुलिखेल, काभ्रेमा रहेको खाता नं. १०४०३०३००७१०६ मा जम्मा गरी सो को भौचर (for bid security purposes) वा मान्यता प्राप्त क वर्गको बैंकवाट यस कार्यालयको नाममा जारी गरिएको १२० दिन म्याद भएको जमानी पत्र (बिडवण्ड) बोलपत्रसाथ पेस गर्नुपर्नेछ। यसरी पेस गरिने जमानतवापत् को भौचर वा बिडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ।

७) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारमहरू यस कार्यालयमा बोलपत्रदाताहरू वा निजका प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। निजहरूको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदापछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

८) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारबाही गरिनेछैन।

९) बोलपत्रसम्बन्धी अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरेबमोजिम हुनेछन्।

१०) अन्य कार्यविधि स्थानीय निकाय आर्थिक प्रशासनसम्बन्धी नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार हुनेछ।

११) ठेक्का नं. २ को E-Bidding पनि गर्न सकिनेछ। web address : www.ppmo.gov.np

१२) अन्य केही कुरा बुझ्नु परेमा यस कार्यालयको आर्थिक प्रशासन शाखा वा फोन नम्बर ९८५११४०४०० मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| NCB//2074 -075/01 | Backhoe Loader | थान १ (एक) | ३,०००/- | कबोल अंकको २.५० प्रतिशत |
| NCB//2074 -075/02 | Hydraulic Excavator With Breaker | थान १ (एक) | ३,०००/- | कबोल अंकको २.५० प्रतिशत |

2018, JAN Thursday 25

# विश्व

## अनौठो उपचार



चीनकी साओ यानको अनुहारमा जन्मिँदैदेखिको कालो दागले क्यान्सरको रूप धारण गर्न सक्ने सम्भावना देखिएपछि चिनियाँ डाक्टरले उनको छालामा ४ वटा बेलुन प्रत्यारोपण गरेका छन्।

## गोली प्रहार



अमेरिकाको केन्टकीस्थित एक स्कुलमा गोली प्रहारको घटनापछि सुरक्षा दिँदै सुरक्षाकर्मी। एक किशोरले गरेको गोली प्रहारमा उनका दुई सहपाठीको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन्

## विश्व २ मिनेट

### भारत

#### नक्सलवादी हमला

रायपुर, (एजेन्सी)

भारतको छत्तीसगढ राज्यको नारायणपुरमा नक्सलवादी लडाकूसँगको मुठभेडमा ४ सुरक्षाकर्मीको मृत्यु भएको छ। मारिनेमा दुई सबइन्स्पेक्टर र दुई कन्स्टेबल भएको जनाइएको छ। घटनामा ७ जना अन्य सुरक्षाकर्मी घाइते भएको र उनीहरूलाई उपचारका लागि रायपुर ल्याइएको सुरक्षा अधिकारीहरूले जानकारी दिएका छन्। अबुझमाडको जंगलमा सर्च अभियानमा सक्रिय रहेका सुरक्षाकर्मीको टोलीमाथि एम्बुस हालेर बसेका नक्सलवादीले आक्रमण गरेको प्रहरीले जानकारी दिए। मारिने चारैजना डिस्ट्रिक्ट रिजर्व गार्ड भएको पनि प्रहरीले बताए। उक्त घटनापछि त्यस इलाकामा ४ सय सुरक्षाकर्मीलाई परिचालन गरिएको जनाइएको छ।

### पाकिस्तान

#### अदालतको आदेश

लाहोर, (एजेन्सी)

पाकिस्तानको लाहौर उच्च अदालतले कट्टरपन्थी हाफिज सइदलाई प्रक्राउ गर्ने आदेशमाथि रोक लगाएको छ। सन् २००८ मा भारतको मुम्बईमा भएको हमलाका सूत्रधार मानिएका हाफिजले मंगलबार यूएनएससीको टोलीको भ्रमण पूर्व सम्भावित पक्राउबाट जोगिन उच्च अदालतमा याचिका दायर गरेका थिए। राष्ट्र संघ सुरक्षा परिषद्को एक टोली बिहीबार इस्लामावाद पुग्ने कार्यक्रम रहेको छ। याचिकामा आफूलाई भारत र अमेरिकाको दबाबमा सरकारले गिरफ्तार गर्न चाहेको उल्लेख गरेका थिए। न्यायाधीशले याचिकामा सुनुवाइ गर्दै सरकारलाई हाफिजविरुद्ध कुनै पनि हानिकारक कारबाही नगर्न आदेश दिएको थियो।

### अफगानिस्तान

#### सेभ दि चिल्ड्रेनमा हमला

काबुल, (एजेन्सी)

पूर्वी अफगान शहर जलालवादस्थित सेभ दि चिल्ड्रेन च्यारिटीको कार्यालयमा प्रवेश गर्नुअघि आक्रमणकारीले बम विस्फोट गराएको सुरक्षकर्मीले बुधबार बतएका छन्। यस आक्रमणमा कम्तीमा दुई व्यक्तिको ज्यान जानुका साथै अन्य १२ घाइते भएको बताइएको छ। लडाकू समूह इस्लामिक स्टेट (आईएस)ले सो आक्रमणमा आफ्ना तीन जना लडाकू संलग्न रहेको र यस्तो आक्रमण जारी रहने बताएको छ। सेभ दि चिल्ड्रेनले अर्को सूचना प्रकाशित नहुन्जेलका लागि आफ्ना सम्पूर्ण अफगान कार्यक्रम रोकेको छ।

### सिरिया

#### हवाई हमला

दमास्कस, (एजेन्सी)

लडाकू समूह इस्लामिक स्टेट (आईएस)विरुद्ध संघर्षरत अमेरिकी नेतृत्वमा रहेको गठबन्धन फौजले हालै सिरियास्थित तिनीहरूको मुख्यालयमा गरेको हवाई आक्रमणमा कम्तीमा १ सय ५० लडाकू मारिएको सरकारी सूत्रले जनाएको छ। दक्षिणपूर्वी देइर अल जोउर प्रान्तको मध्य युफ्रेट्स नदी उपत्यकाको अल -सफाहमा शनिबार सो आक्रमण गरिएको गठबन्धन फौजद्वारा जारी गरेको विज्ञप्तिमा जनाइएको छ। गुप्तचर सूत्रले यस आक्रमणमा कोही पनि सर्वसाधारण नपरेको दाबी गरेको छ। आईएसले सिरियामा आफ्नो खलिफा खडा भएको घोषणा गरेको थियो।

# चीनबाट आक्रमण हुन सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिन्न : त्साइ



ताइपेई, (एजेन्सी)

ताइवानका राष्ट्रपति त्साइ इंग वेनले उक्त स्वशासित टापुमाथि चीनबाट आक्रमण हुन सक्ने सम्भावनालाई अस्वीकार गर्न नसकिने बताएकी छिन्। ताइवाननजिकै चिनियाँ सैन्य अभ्यासमा भइरहेको वृद्धिलगायत दुई पक्षबीचको बढ्दो तनावका क्रममा राष्ट्रपतिको उक्त बयान आएको हो।

दुई वर्षअगाडि स्वतन्त्रता समर्थक डेमोक्रयाटिक पार्टीकी त्साइ राष्ट्रपतिमा निर्वाचित भएदेखि बेइजिङले ताइपेईविरुद्ध शत्रुतालाई तीव्र बनाइरहेको छ। उसले ताइवानलाई आफ्नो छुट्टिएको प्रान्तका रुपमा लिएको छ। चीनलाई त्साइले बेइजिङमा कम्युनिस्ट पार्टी नेताहरूका लागि रेड लाइन मानिएको औपचारिक स्वतन्त्रताका लागि अगाडि बढ्न चाहेको आशंका गरेको छ। तर त्साइले आफू यथास्थितिलाई कायम राख्न प्रतिबद्ध रहेको र शान्ति सुनिश्चितताका लागि कतिबद्ध रहेको बताएकी छिन्।

हालैका महिनामा चीनले ताइवान वरपर सैन्य अभ्यास बढाएको छ। यस ताइवानलाई संशकित पारेको छ। चीनले ती अभ्यासलाई नियमित भन्दै आएको छ। तर उक्त टापुले स्वतन्त्रता घोषणाका लागि गर्ने कुनै प्रयासलाई सहन नगर्ने चेतावनी दिँदै आएको छ। 'यो सम्भावनालाई कसैले पनि अस्वीकार गर्न सक्दैन। हामीले तिनीहरूको नीतिनिर्माता जिम्मेवार छन् वा छैनन् भन्ने हेर्नु पर्छ।' -त्साइले ताइवान टेलिभिजनलाई दिएको सोमबार प्रसारित एक अन्तर्वार्तामा बताएकी छिन्। चीनले ताइवानमाथि आक्रमण गर्न सक्छ भन्ने प्रश्नको जवाफमा उनले उक्त सम्भावना व्यक्त गरेकी हुन्।

चीनले गौरवताका साथ ताइवानलाई उसको पवित्र भूमिका रूपमा लिएको छ र त्यसलाई चिनियाँ नियन्त्रणमा ल्याउन बल प्रयोग गर्न सक्ने सम्भावनालाई कहिल्यै अस्वीकार गरेको छैन। ताइवान र चीनको सम्बन्धलाई ध्यानमा राख्दा कुनै पनि नीतिनिर्माताले युद्धलाई विकल्पका रुपमा अगाडि सार्न अत्यन्तै गम्भीर भएर सोच्नुपर्ने त्साइले बताइन्। चीनको प्रतिरोध र दबाब सामना गर्नुपर्ने अवस्थामा त्यसको प्रतिरोध गर्ने विधि निकाल्ने र त्यो अत्यन्तै महत्त्वपूर्ण हुने उनले थपिन्।

# तीन महिना विदेशी विमानस्थलमा बस्ने परिवार

बैंकक, (एजेन्सी)

मानिसहरूलाई उडान रद्द भएर एक रात विमानस्थलमा पर्खनु पर्दा त झर्को लाग्ने गर्दछ। तर जिम्बावेका एक परिवार विगत तीन महिनादेखि थाइल्यान्डको राजधानी बैंककस्थित सुवर्णभूमि विमानस्थलमा घर नफर्कने ढिपी कसेर बस्दै आएको थियो। अन्ततः मंगलबार मात्र तिनीहरू स्वदेश फर्कन राजी भएका छन्।

एघार वर्षभन्दा कम उमेरका चार बालबालिकासहित अन्य चार वयस्क सम्मिलित सो परिवार गत मे महिनामा पहिलो पटक बैंकक आइपुगेको थियो। तिनीहरूले अक्टोबरमा स्पेनतर्फ जाने प्रयास गरेका थिए। तर तिनीहरूसँग भिसा थिएन। टुरिस्ट भिसामा ओभर स्टे भइसकेकाले तिनीहरू कानुनी रुपमा पुनः थाइल्यान्ड आउन सक्ने स्थिति पनि थिएन। त्यो स्थितिमा तिनीहरूले जरिवाना तिर्नुपर्ने हुन्थ्यो। तिनीहरूले जिम्बावेमा आफूहरूविरुद्ध कानुनी कारबाही हुनसक्ने भन्दै स्वदेश फर्कनसमेत अस्वीकार गरेका थिए।

सुवर्णभूमि विमानस्थलका एक कर्मचारीले गत डिसेम्बरमा 'घरमा असहज परिस्थिति आएकाले विमानस्थलमै बस्न बाध्य' भन्ने शीर्षकसहित तिनीहरूको एक सन्तानसँगै खिचिएको तस्वीर फेसबुकमा पोस्ट गरेपछि यो विषय सार्वजनिक भएको थियो।

बैंककका सरकारी अधिकारीहरूले तिनीहरूलाई युरोपेली आप्रवास नियमलाई वाइपास गर्दै युक्रेन इन्टरनेसनल एयरलायन्स (यूआईए)बाट किभ र दुबई हुँदै तोस्रो राष्ट्र प्रवेश गर्ने व्यवस्था मिलाइएको बताएका छन्। यसैबीच संयुक्त राष्ट्र संघले थाइल्यान्डले शरणार्थी र शरणार्थी बन्न खोज्नेलाई कानुनी मान्यता नदिनुको विकल्प खोजिरहेको स्पष्ट पारेको छ।

# छात्रद्वारा सहपाठीको हत्या

म्युनिख, (एजेन्सी)

जर्मन शहर डोर्टमन्डनजिकको एक माध्यमिक विद्यालयमा एक विद्यार्थीले आफ्नो सहपाठीको हत्या गरेको प्रहरीले जनाएको छ। स्थानीय सञ्चारमाध्यमले ती नाम नखुलाइएका १५ वर्षीय छात्रले अर्का १४ वर्षीय छात्रको छुरा प्रहार गरी हत्या गरेको जनाएको छ।

लुनेन शहरस्थित क्याथ कोल्वित्ज कम्प्रिहेन्सिभ स्कुलमा मंगलबार स्थानीय समयअनुसार बिहान करिब आठ बजे सो घटना भएको प्रहरीले जनाएको छ। ती किशोरलाई गिरफ्तार गरी प्रहरीले





आवश्यक कानुनी कारबाही अघि बढाएको छ। सो विद्यालयका छात्रछात्रा र अभिभावकलाई सहयोग र ढाडस दिन पास्चरहरू खटिएका छन्। जर्मन सञ्चारमाध्यमले पीडित र हत्यारा दुवै जर्मन भएको पुष्टि गरेको छ।

तर हत्यारासँग कजाखस्तानको पासपोर्ट पनि रहेको बताइएको छ। प्रहरीले यस सम्बन्धमा विस्तृत विवरण बाहिर ल्याएको छैन। हालै नर्थ राइन वेस्टफालियाका अधिकारीहरूले जर्मनको सबैभन्दा बढी जनसंख्या भएको उक्त राज्यमा युवा हिंसाको समस्या समाधान गर्ने प्रतिबद्धता जनाएका थिए।

# दुई सन्तानको हत्या गर्ने महिला पक्राउ



सिडनी, (एजेन्सी)

एक अस्ट्रेलियाली महिलालाई आफ्ना दुई सन्तानको हत्या गर्नुका साथै अन्य एकलाई क्रूर यातना दिएको अभियोगमा प्रहरीले गिरफ्तार गरेको छ। उनले कम्तीमा ५ वर्षको अवधिमा सो अपराध गरेको बताइएको छ। ५१ वर्षीया म्यारी क्राबट्री नामक ती महिलालाई बुधबार क्विन्सल्यान्डको गोल्डक्वेस्टबाट पक्राउ गरिएको हो।

प्रहरीले उनीमाथि सन् २०१२ मा १८ वर्षीया छोरी र गत वर्ष २६ वर्षीय छोराको हत्या गरेको अभियोग लगाइएको हो। मारिएका दुवै सन्तान शारीरिक रूपमा अशक्त रहेको बुझिएको छ। सरकारी पक्षले पैसा जोगाउने उद्देश्यले उनले तिनीहरूको हत्या गरेको आरोप लगाएको छ। उनका वकिले एमिली लिउसेले आफूविरुद्धको अभियोगको कडा प्रतिवाद गर्ने जानकारी दिएकी छिन्।

क्विन्सल्यान्ड प्रहरीले उनले २५ वर्षीया अर्की छोरीलाई लामो समयदेखि शारीरिक यातना दिँदै आएको जनाएको छ। प्रहरी अधिकारी मार्क थोम्पसनले ती महिलाले एक आमाको सन्तानप्रतिको मातृत्व र स्नेहलाई चटक्क बिर्सेको र उनले योजनाबद्ध ढंगले अपराध गरेको बताएका छन्।

तिनीहरूको लाश क्विन्सल्यान्ड गोल्ड कोस्टस्थित छुट्टाछुट्टै घरमा ५ वर्षको अन्तरालमा तिनीहरूको लाश भेटिएको हो। दि कुरियर मेल अखबारले शुरूमा तिनीहरूको मृत्युलाई आत्महत्याको रूपमा लिइएको र पछि आएर मात्र शंका उब्जेको जनाएको छ। प्रहरीले आफ्नो सन्तानको मृत्युपछि म्यारीले अवैध ढंगले ८ लाख अमेरिकी डलर जीवन बीमा दाबी गर्ने प्रायस गरेको अभियोग लगाएको छ। उनीविरुद्ध ब्रिस्वेनको अदालतमा कारबाही अघि बढाइएको छ।

# सन् २०१७ अलनिनोबिनाकै सबैभन्दा गर्मी वर्ष



वासिङ्टन, (एजेन्सी)

मानवीय गतिविधिले वरपरको वातावरणलाई मात्र नभई समग्र पृथ्वीको जलवायु स्वभाव पनि प्रभावित भइरहेको वैज्ञानिकहरूले बताए।

प्रकृतिसँग मानवको खेलवाडले धर्तीको तापमान लगातार वृद्धि भइरहेको वैज्ञानिकहरूले चेतावनी दिएका छन्। अमेरिकी अन्तरिक्ष एजेन्सी नासा र बेलायतका मौसम विभागले गत वर्ष अर्थात् सन् २०१७ अलनिनोबिना पनि सबैभन्दा गर्मीको वर्ष रहेको पुष्टि गरेका छन्।

ती दुई संगठनले जारी गरेको आँकडाअनुसार सन् २०१७ अहिलेसम्मको दोस्रो वा तेस्रो सबैभन्दा गर्मी वर्ष भएको छ। कुल १ सय ६७ वर्षका आँकडालाई समेटेर तयार गरिएको उक्त प्रतिवेदन वास्तवमै चिन्ता उत्पन्न गर्ने विषय बनेको छ।

'यी आँकडामा विशेष के देखिन्छ भने सन् २०१७ मा अलनिनोको असर थिएन। त्यसको बाबजुद यसको सबैभन्दा गर्मी वर्षमध्यको एक रह्यो। यसले के प्रष्ट पारेको छ भने प्राकृतिक जलवायु प्रक्रियामा अब मानवीय गतिविधि हाबी भएको छ।' -बेलायत मौसम विभागका कर्मचारी निर्देशक प्रोफेसर पिटर स्टटले बताए।

सबैभन्दा आश्चर्यचकित पर्ने कुरा भनेको अघिल्लो वर्ष सन् १९९८ को तुलनामा पनि गर्मी थियो। सन् १९९८ धर्तीको तापमान बढ्नुमा अलनिनोलाई जिम्मेवार ठहऱ्याएको थियो। हालैमात्र नासाले आफ्नो एक अध्ययनमा अलनिनोले अन्टार्कटिकामा वर्षेनी १० इन्च बरफ पग्लने गरेको दाबी गरेको छ।

वैज्ञानिकहरूले अलनिनोले समुन्द्रका तातो पानीको वहाव अन्टार्कटिकातर्फ भइरहेको र त्यसले हिउँ पग्लिरहेको बताएका थिए। अलनिनो एक प्रकारको मौसमी परिस्थिति हो जसमा प्रशान्त महासागरको पूर्वीभाग अर्थात् दक्षिणी अमेरिकाको तटीय भागमा महासागरको सतहको पानीको तापमान बढ्नुको कारण हुने गर्छ। यसकै कारण मौसमको सामान्य चक्रमा परिवर्तन आउने गर्छ र बाढी तथा सुखाग्रस्त हुनेजस्ता प्राकृतिक विपत्ति आउने गर्छ। चिन्ताको विषय भनेको सन् १८५० पछिका सबैभन्दा गर्मी १८ मध्ये १७ वटा वर्ष यसै शताब्दीका हुन्।

विश्व मौसम संगठनका वरिष्ठ वैज्ञानिक उमर बद्दौरले भने- 'सबैभन्दा गर्मी वर्षको र्‍याकिङ कुनै ठूलो समाचार होइन। ठूलो समाचार र गहन प्रश्न भनेको यसको झुकाव हो। यसको झुकावलाई हेर्नै पर्ने हुन्छ कि समुद्रको बरफजस्ता अन्य जलवायु विशेषतामा कस्तो असर परिरहेको छ?



बुधबार भैरहवामा पत्रकार सम्मेलन गरेर विभिन्न आश्वासन दिने तर जागिर पनि नलगाइदिने पैसा पनि फिर्ता नगर्ने अभियोगमा पक्राउ परेका ५ जनालाई सार्वजनिक गरेको हो।

# आफूविरुद्ध प्रायोजित प्रचार भइरहेको सिलवालको दाबी

## अनुसन्धानमा सघाउन तयार

नेपाल समाचारपत्र

काठमाडौं

प्रतिनिधिसभाका सदस्य नवराज सिलवालले आफ्नो सार्वजनिक जीवनलाई समाप्त गर्ने दुराशयले केही समययता आफूविरुद्ध प्रायोजित प्रचार भइरहेको दाबी गर्नुभएको छ।

बुधबार प्रेस विज्ञप्ति जारी गर्दै उहाँले भन्नुभएको छ- 'नेपाल प्रहरीको कार्मचारी प्रशासनसम्बद्ध गोप्य दस्तावेजहरूमा मेरो पहुँच पुग्ने र त्यसलाई मैले सच्याउने



सम्भावना एउटा काल्पनिक कथ्य मात्र हो।'

ललितपुर जिल्ला क्षेत्र नं १ बाट एमालेका तर्फबाट विजयी सिलवालले सर्वोच्च अदालतले प्रहरी महानिरीक्षक नियुक्ति प्रकरणमा फेला परेका २ फरक कार्यसम्पादन मूल्यांकन फारमको छानविन गर्न दिएको फैसलाप्रति आफ्नो सम्मान रहेको बताउनुभएको छ।

'निश्चय नै, यो बीचमा महत्त्वपूर्ण सरकारी कागजातहरू फेरबदल भएको सहजै देखिन्छ। त्यसका दोषीहरूमाथि निश्चय नै छानबिन र कारबाही हुनु आवश्यक छ।'-उहाँको नामबाट वितरित प्रेस विज्ञप्तिमा उल्लेख छ।

पूर्वप्रहरी नायब महानिरीक्षकसमेत रहेका सिलवालले थप्नुभएको छ- 'यसअघिको प्रहरी नेतृत्व शुरुदेखि नै मलाई प्रहरी महानिरीक्षक हुन नदिने प्रपञ्चका साथ योजनाबद्ध ढंगले क्रियाशील रहेको यथार्थ अब आम जानकारीको विषय भइसकेको छ। यस्तो अवस्थामा, प्रहरी मुख्यालयमा सुरक्षित, सोही अवधिको गोप्य फाइलमा मैले किर्ते गर्नसक्ने कुरा कसरी सम्भव होला ?'

हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पराजित भएपछि वर्तमान सरकारले सत्ताबाट बाहिरनुअघि नै आफ्नो 'क्यारियर' समाप्त पार्न प्रतिशोधपूर्ण ढंगले लागेको उहाँको आरोप छ।

उक्त प्रकरणबारे निष्पक्ष निकायबाट छानबिन र दोषीमाथि कारबाही हुनुपर्छ भन्दै सिलवालले भन्नुभएको छ- 'जुन मान्छे यो सम्पूर्ण घटनाक्रममा मेरो विपक्षी रहेको छ उसैले अनुसन्धान गर्ने र यसमा संलग्नहरूलाई निर्दोष सावित गरी मलाई प्रहार गर्ने जुन खेल भइरहेको छ त्यसको अन्त्य हुनुपर्दछ।'

उहाँले निष्पक्ष निकायबाट हुने अनुसन्धानलाई निस्कर्षमा पुऱ्याउन सहयोग गर्न आफू तयार रहेको प्रतिवद्धता जनाउनुभएको छ।

# बानेश्वरमा फ्रि वाइफाइ

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिकाले बानेश्वर क्षेत्रमा फ्रि वाइफाइ सेवा शुरू गरेको छ। बुधबार एक औपचारिक कार्यक्रममाझ महानगरका प्रमुख विद्यासुन्दर शाक्यले छक्कुपक्कु मन्दिर (बानेश्वर पार्क), सानो गौचरन, थापागाउँ चोक र बुद्धनगर सेतो गणेश मन्दिर चोकमा नि:शुल्क वाइफाइ सेवा थालनी गर्नुभएको थियो। उहाँले सोही समारोहमा सहभागिता मार्गमा राखिएका १६ वटा सीसीटिभी क्यामराको पनि शुभारम्भ गर्नुभयो।

करिब १४ लाख रुपियाँ लागत अनुमानमा थालिएको प्रविधि जडानले १० वडालाई स्मार्ट र सुरक्षित वडाका रूपमा विस्तार गर्ने आधार तयार भएको बताइएको छ। नि:शुल्क वाइफाइ जडान भएका ठाउँमा पुग्ने सेवाग्राहीले मोबाइल खोलेर कनेक्ट गरेपछि पहिलोपटक सेवा लिन सक्नेछन्। कनेक्ट भएको १ घण्टापछि सेवा निरन्तर गर्न अपडेट गर्नुपर्नेछ। एक ठाउँबाट १ पटकमा ५ सय व्यक्तिले एकैचोटी सेवा पाउनेछन्।

# समाजसेवी श्रेष्ठको स्मृति दिवस मनाइयो

काठमाडौं, (नेस)



लायन्स क्लब अफ काठमाडौं, विशालबजारका पूर्वचार्टर प्रेसिडेन्ट तथा समाजसेवी भरतलाल श्रेष्ठको सम्झनामा बुधबार विशालबजारमा स्मृति दिवस मनाइयो।

लायन्स क्लब अफ विशालबजारले आयोजना गरेको दोस्रो स्मृति दिवसमा उहाँले पुऱ्याउनुभएको योगदानको बारेमा चर्चा गरिएको थियो।

कामना न्युज पब्लिकेसनका अध्यक्षसमेत रहनुभएका श्रेष्ठको सम्झनामा आयोजित स्मृतिसभामा क्लबका अध्यक्ष अमृतरत्न ताम्रकार, पूर्वअध्यक्ष राजशिरोमणि तुलाधर, रमेशकुमार थापा, धिरजराम राजभण्डारीलगायतले उहाँले समाजमा पुऱ्याउनुभएको योगदानको बारेमा चर्चा गरिएको थियो।

# नेटवर्किङमार्फत १ करोड ५२ लाख ठगी



यमलाल भुसाल, बुटवल

नेटवर्किङ व्यवसायमार्फत विगत लामो समयदेखि सर्वसाधारणलाई ठगी गर्दै आएका ५ जना अभियुक्तहरूलाई रुपन्देही प्रहरीले पक्राउ गरेको छ।

नेपालका तराई तथा पहाडी जिल्लाहरूबाट जागिर लगाइदिने र राम्रो कमिसन पाइने भन्दै सर्वसाधारण नेपालीहरूलाई भारतको विभिन्न शहरमा पुऱ्याइ उनीहरूबाट पैसा असुल्ने गरेको अभियोगमा प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।

बुधबार भैरहवामा पत्रकार सम्मेलन गरेर विभिन्न आश्वासन दिने तर जागिर पनि नलगाइदिने पैसा पनि फिर्ता नगर्ने अभियोगमा पक्राउ परेका ५ जनालाई सार्वजनिक गरेको हो।

भारतको गोरखपुरमा कार्यालय रहेको ड्रिम डेभलपर्स ट्रेडमार्ट प्रालिमा जागिर लगाइदिन्छु भन्दै ठगी गर्ने लम्जुङ दोर्दी गाउँपालिका वडा नं. ५ का दर्पण लामा र दाङ लमही नगरपालिका ४ का कुशलराम चौधरीलाई पक्राउ गरेको छ। उनीहरूलाई ३७ लाख ८५ हजार विगोसहित अदालतमा मुद्दा दायर गरिएको प्रहरीले जनाएको छ।

चौधरी र लामा विरुद्ध पीडित ३९ जनाले कारबाहीको माग गर्दै प्रहरीमा जाहेरी दर्ता गरेका थिए। यस्तै भारतकै बनारसमा रहेको विनविन ट्रेडमार्ट प्रालिमा नेपालीहरूलाई पुऱ्याइ ठगी गर्ने धादिङ रोराङ गाउँपालिका ३ का ज्ञानेन्द्र मगरलाई पनि प्रहरीले पक्राउ गरेको छ। पत्रकार सम्मेलनमा जिल्ला प्रहरी कार्यालय रुपन्देहीका निमित्त प्रमुख प्रहरी नायब उपरीक्षक डिल्लीनारायण पाण्डेले मगरविरुद्ध २३ जनाले जाहेरी दर्ता गरेको जानकारी दिनुभयो। मगरसँग ७६ लाख ८३ हजार को बिगो दाबी गरिएको छ।

यस्तै भारतकै कुशीनगरमा रहेको फुलटन ट्रेडमार्ट प्रालिमा जागिर लगाइदिने बाहनामा ठगी गर्ने काभ्रेपलाञ्चोक खानीखोला गाउँपालिका ३ का चन्दितसिंह मोक्तान र बारा निजगढ नगरपालिका १२ का दावा लामालाई पनि प्रहरीले पक्राउ गरेको छ। उनीहरू विरुद्ध १८ जनाले कारबाहीको मागसहित जाहेरी दिएको र उनीहरूलाई ३७ लाख ५८ हजार बिगो दाबीसहित मुद्दा दायर गरिएको प्रनाउ पाण्डेले बताउनुभयो। प्रहरीका अनुसार उनीहरूले नेपालका विभिन्न गाउँगाउँमा पुगेर सिधासाधा नागरिकलाई एजेन्टमार्फत सम्पर्क गराइ भारतका तीनवटा नेटवर्किङ कम्पनीहरूमा काम लगाइदिने भन्दै ठगी गर्दै आएका थिए।

प्रहरी तथ्यांकअनुसार ती कम्पनीमा काम लगाइदिने भन्दै ठगी गर्ने २९ जना अभियुक्त अझै फरार छन्। आर्थिक वर्ष ०७३/०७४ मा यसरी एजेन्टमार्फत् भारत प्रवेश गर्न लागेका ५ सय १६ र ०७४/०७५ को पुससम्म ३ सय २७ जना पुरुष तथा महिलाहरूलाई सीमा क्षेत्रबाट उद्धार गरी परिवारको जिम्मा लगाइएको प्रहरीले जनाएको छ।

## १७ निर्विरोध...

प्रदेश नं. ७ मा कांग्रेसबाट ४, एमालेबाट ४, माओवादी केन्द्रबाट २ गरी १० जनाले मनोनयन दर्ता गराएका छन्।

प्रत्येक प्रदेशबाट कम्तिमा ३ जना महिला, १ जना दलित र १ जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यकसहित ८ जना निर्वाचित हुनेछन्।

यसैबीच ३ नम्बर प्रदेशबाट उम्मेदवारी दर्ता गर्न गएका एमालेका उम्मेदवारहरू जिल्ला निर्वाचन कार्यालयबाट मतदाता नामावलीमा नाम समावेश भएको मतदाता नामावलीको उतार नलिइकन गएकाले फर्किनुपरेको थियो। उक्त उतार लिएर नाम दर्ताका लागि तोकिएको मानभवनस्थित जिल्ला समन्वय समितिको भवनमा पुन: गई मनोनयन दर्ता गरेका थिए। एमालेकी दिलकुमारी थापा रावलले भने शुरुमै उम्मेदवारी गराउनुभयो।

एमालेको तर्फबाट ३ नम्बर प्रदेशबाट उम्मेदवारी दिनेमा बलराम बास्कोटा, वेदुराम भुसाल, सिंहबहादुर विक, उदय शर्मा र रामचन्द्र राई हुनुहुन्छ। माओवादी केन्द्रबाट रामबहादुर थापा 'बादल' र गंगा पराजुलीले उम्मेदवारी दर्ता गराउनुभएको छ।

अन्य कोटाबाट उम्मेदवारी दर्ता गराउन गएका माओवादी उम्मेदवार नरेन्द्र शाहले १५ मिनेट ढिलो भएकोले उम्मेदवारी दर्ता गराउन पाउनुभएन। मनोनयन दर्ताका लागि ४ बजेसम्मको अवधि तोकिए पनि उहाँ ४: १५ मा राष्ट्रियसभा निर्वाचन अधिकृतको कार्यालय पुग्नुभएको थियो। उम्मेदवारले मनोनयनपत्र दर्ता गराउन जाँदा उम्मेदवारको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिसँगै कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको उतार गर्नुपर्ने आयोगले जनाएको छ। कांग्रेसबाट राधेश्याम अधिकारी, धना खतिवडा, मदनकृष्ण श्रेष्ठले उम्मेदवारी दर्ता गराउनुभएको थियो।

उम्मेदवारको सूचीमाथि दाबी विरोधका लागि आयोगले माघ ११ र १२ गते तोकेको छ। उम्मेदवारको मनोनयन पत्र र उजुरी निवेदनमाथि जाँचबुझ गर्दै निर्णय माघ १३ गते गरिनेछ। माघ १४ गते मनोनयका लागि उम्मेदवारी दिएका उम्मेद्वारको नामावली प्रकाशन गरिनेछ भने माघ १५ गतेको समय नाम फिर्ताका लागि छुट्याइएको छ। उम्मेदवारको अन्तिम नामावली प्रकाशन र चुनाव चिह्न वितरण माघ १५ गते नै गरिनेछ।

प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख राष्ट्रिय सभाका मतदाता हुन्। निर्वाचनमा कूल २ हजार ५६ मतदाता रहनेछन्। निर्वाचक मण्डलमा प्रदेशसभा र स्थानीय तहको मतभार फरक-फरक रहेको छ। प्रदेशसभाका सदस्यको मतभार ४८ र स्थानीय तहका प्रमुख र उपप्रमुखको मतभार १८ रहेको छ। संविधानको धारा ८६ मा राष्ट्रियसभा गठनसम्बन्धी व्यवस्था छ। यसमा ५९ जना सदस्य रहनेछन्। राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट ८ जनाका दरले ५६ जना र सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित ३ जना सदस्य हुनेछन्। राष्ट्रियसभा ६ वर्षको स्थायी सदन हुनेछ।

यसैबीच राष्ट्रियसभाको निर्वाचनका लागि बुधबार भएको मनोनयनमा १२ जना महिला निर्विरोध भएका छन्। प्रदेश नं १, २, ५ र ७ बाट ३ जनाका दरले सो संख्यामा महिला निर्विरोध निवार्चित भएका हुन्।

यद्यपि औपचारिक रूपमा अन्तिम नामावली प्रकाशनका बेला मात्र निर्विरोध घोषणा गरिनेछ। प्रदेश ३, ४ र ५ मा भन ३ भन्दा बढी उम्मेदवारी परेकाले निर्वाचन हुनेछ। प्रदेश नंम्बर १ बाट निर्विरोध हुनेमा एमालेका नैनकला ओझा, माओवादीका विना पोखरेल र कांग्रेसका सरिता प्रसाईं, प्रदेश २ मा माओवादीका शशीकला दाहाल, कांग्रेसका मुक्ताकुमारी यादव र फोरमका प्रमिला कुमारी हुनुहुन्छ। प्रदेश ५ मा एमालेबाट कोमल वली, मीना बुढा र कांग्रेसबाट अनिता देवकोटा, प्रदेश-७ मा कांग्रेसबाट बद्री पाण्डे, तारादेवी जोशी, एमालेबाट शेरबहादुर कुवँर, कमला ओली र इन्दु कडरिया निर्विरोध निर्वाचित हुनुभएको हो। यस्तै २ नं प्रदेशमा दलित कोटाबाट संघीय समाजवादी फोरमका रामप्रित पासवान र अल्पसंख्यकबाट राजपाका वृषेशचन्द्र लाल निर्विरोध निर्वाचित हुनुभयो। आयोगले माघ १५ गते औपचारिक रूपमा निर्विरोध भएको घोषणा गर्नेछ।

## हिउँदे...

पश्चिमी वायुले बादलमा जलवाष्पको अंश छोडेकाले धेरैजसो पहाडी भेगको मौसम पूर्णरूपमा खुला नखुल्ने प्रष्ट्याउँदै बिहान बेलुका चिसो बढ्ने पौडेलले जानकारी दिनुभयो। विगत केही वर्षयता हिउँदे वर्षा हिउँदयामको शुरुआत भन्दा पनि मध्ये हिउँदतर्फ धकेलिन थालेको मौसमविद्हरू बताउँछन्। गत वर्ष पुस १० गते मात्र पहिलो हिउँदे वर्षा भएको स्मरण गर्दै वरिष्ठ मौसमविद् मणिरत्न शाक्यले नेपालसहित दक्षिण एसियामा नै हिउँदे वर्षाको अवधि धकेलिन थालेको बताउनुहुन्छ।

प्रशान्त महासागरको पूर्वी भेगको पानी औषतभन्दा बढी तात्ने प्रणाली (एलनीनो) विकास भएकाले मनसुन र हिउँदे वर्षा कमजोर बनेको शाक्यले जानकारी दिनुभयो। हिउँद याममा भू-मध्य सागरको वायु अफगानिस्तान, पाकिस्तान, भारतको जम्मु कास्मिर हुँदै मुलुकको सुदूरपश्चिम हुँदै नेपाल प्रवेश गर्छ, सोही प्रभावले हिउँदे वर्षा हुने गर्छ। अहिले त्यही प्रभाव भित्रिँदा हिउँदे वर्षा भएको हो।

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार अंग्रेजी महिनाको जनवरी सम्ममा काठमाडौंमा औसतमा १४ मिलिमिटर हिउँदे वर्षा हुने गर्छ। तर बुधबार ज्यादै थोरै २ मिलिमिटर मात्र वर्षा भएको महाशाखाले जनाएको छ। माघ पहिलो सातासम्ममा मुलुकका अन्य भेगमा पनि १० देखि १८ मिलिमिटरका हाराहारीमा वर्षा हुनुपर्ने मौसमविद्हरू स्मरण गर्छन्। बुधबार सबैभन्दा धेरै डडेलधुरामा १२ मिलिमिटर वर्षा भएको छ।

त्यसैगरी धनगढीमा ७, विरेन्द्रनगरमा ६ दशमलव ५, नेपालगन्ज र भैरहवामा ६, जुम्लामा ५, दाङमा ३, दिपायलमा २, सिमरामा १ मिललिमिटरसहित अन्यत्र पनि छिटफुट वर्षा भएको महाशाखाको तथ्यांक छ।

## क्याबिनेटको...

क्याबिनेटको निर्णयअनुसार विभागले करिब १ करोड ६० लाख रुपियाँमा मन्दिरको पुनर्निर्माण शुरु गरेको बताउँदै उहाँले प्रतिप्रश्न गर्नुभयो- 'बनिसकेको मन्दिर कहाँ भत्काउन मिल्छ ? क्याबिनेटको निर्णय ठुलो कि विज्ञ समितिको प्रतिवेदन ?'

सरकारी निकायले सरकारको निर्णय कार्यान्वयन गर्दा अवरोध गर्नु गलत भएको उहाँको धारणा थियो। महानिर्देशक दाहालले थप्नुभयो- केही समयका लागि मन्दिर पुनर्निर्माण रोकाएका छौं, महानगरपालिकासँगको बैठक लगत्तै पुन: शुरु गर्छौं। विभागले करिब एक वर्षअघि ठेक्कामा दिएको सो मन्दिरको पहिलो किस्ता रकम ठेकेदारले लगिसकेको छ। ठेक्का दिएर पुन: रोक्दा कानुनी अड्चन आउन सक्ने जानकारी गराउँदै विभागले काम अघि बढाउने तयारी गरेको हो। बहुवर्षीय योजनाअनुसार विभागले मन्दिर पुनर्निर्माणको ठेक्का दिएको हो। करिब डेढ वर्षअघि कामपाले बनाउन लागेको सो मन्दिर मापदण्डविपरीत भएको बताउँदै विभागले हस्तक्षेप गरी आफैंले पुनर्निर्माण शुरु गरेको थियो। विभागले पुनर्निर्माण शुरु गरेको मन्दिर राणाकालीन शैलीको छ। विज्ञ समितिले मन्दिरको विषयमा थप अध्ययन गरी मल्लकालीन शैलीमै पुनर्निर्माण गर्न महानगरलाई प्रतिवेदन बुझाएको थियो।

विज्ञ समूहको प्रतिवेदनमा मन्दिर पुनर्निर्माणको विषयमा असहमति जनाउँदै समितिमा रहेका विभागका सिनियर डिभिजन इन्जिनियर सम्पत घिमिरे, स्ट्रक्चर इन्जिनियर पुरुषोत्तम डंगोल र प्रमुख पुरातत्व अधिकृत रामबहादुर कुवँरले प्रतिवेदनमा हस्ताक्षर गर्नुभएको थिएन। यसरी विभाग र विज्ञ समूहबीच मनमुटाव देखिएपछि रानीपोखरी पुनर्निर्माण हुने वा नहुने विषयमा अन्योलता देखिएको छ।

काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले समितिले बुझाएको प्रतिवेदनबारे औपचारिक बैठक बसेर निर्णय गरिने बताउनुभयो। समितिले मन्दिरको मात्र होइन, समग्र रानीपोखरीको प्रतिवेदन दिएको छ। मन्दिरको मात्रै निर्णय नगरी समग्र विषयको निर्णय गर्ने तयारीमा भएको बुझिएको छ। कामपाले सो प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, संस्कृति मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, पुरातत्व विभागलाई बुझाएर औपचारिक निर्णय गर्ने तयारी गरेको छ। सबैको माग मल्लकालीन शैलीमा पुनर्निर्माण गर्नुपर्ने उल्लेख भएकाले मन्दिरको विषयमा मात्रै निर्णय गर्नसक्ने अवस्था नभएको मेयर शाक्यको भनाइ थियो।

उहाँले मन्दिरको शैलीको विषयमा विभागसँग पुन: छलफल गर्न गरिने जानकारी दिँदै भन्नुभयो- 'अहिलेकै शैलीमा बनाउने कि मल्लकालीन शैलीमा बनाउने भन्ने विषयबारे केही दिनपछि टुंगो लगाउनेछौं। विभागले समितिले बुझाएको प्रतिवेदनमा मन्दिर पुनर्निर्माणमा मात्र असहमति जनाएको छ।'

समितिले बुझाएको प्रतिवेदनमा रानीपोखरीलाई शिखर शैलीमा पुनर्निर्माण गर्नुपर्ने, पुरातात्विक विषयको थप अध्ययन गर्न विशेषज्ञ समिति गठन गर्नुपर्ने, पोखरीको पानीको स्थायित्वका लागि पानीविज्ञको समिति गठन गर्नुपर्ने लगायतका सुझाव समावेश गरिएको छ।

# दोलखाको उच्च भेगमा हिमपात हुँदा भूकम्पपीडित प्रभावित

चिरञ्जीवी मास्के, दोलखा

दोलखाको उच्च भेग कालिञ्चोक, खरीढुङ्गा, चेर्दुङलगायतका ठाउँमा बुधबार बिहानदेखि दिनभरि नै भारी हिमपात भएको छ। हिमपातका कारण टहरामा रहेका भूकम्पपीडित बढी प्रभावित भएको स्थानीयले बताएका छन्।

भारी हिमपातका कारण लामोसाँगु जिरी सडकको दोलखा र सिन्धुपाल्चोकको सिमानामा पर्ने मुडे खरीढुङ्गा खण्ड झण्डै ७ घण्टा अवरुद्ध हुँदा सयौं यात्रु अलपत्र परेका थिए। बिहान ९ बजेदेखि अवरुद्ध भएको सडक खरीढुङ्गा प्रहरी चौकी र स्थानीयको पहलमा दिउँसो ३ बजेबाट सुचारु भएको प्रहरी नायब उपरीक्षक रामेश्वर कार्कीले बताए। सडक अवरुद्ध भएपछि प्रमुख जिल्ला अधिकारी लक्ष्मणबिक्रम थापा र प्रहरी नायब उपरीक्षक रामेश्वर कार्की प्रहरी टोलिसहित खरीढुङ्गा पुगेका थिए। हिमपातका कारण अत्यधिक चिसो बढेपछि खरीढुङ्गाको विद्यालय बन्द गरिएको थियो।

हिमपातका कारण जस्ताको टहरा लच्किएको र पानीभित्र पसेकाले बस्न समस्या भएको भीमेश्वर नगरपालिका ९ खरीढुङ्गाका भूकम्पपीडित रामबहादुर श्रेष्ठले बताए। सरकारले दिने अनुदान रकमको पहिलो किस्ता लिएर घर बनाउन शुरु गरेका छौं तर आर्थिक अभावका कारण घर पुरा हुन सकेको छैन।' -भूकम्पपीडित रामबहादुरले गुनासो गर्दै भने।

# भूकम्पपीडितलाई थप १ लाख

काठमाडौं, (नेस)

बुधबार साँझ बसेको मन्त्रिपरिषद बैठकले भूकम्प तथा बाढीपीडितहरूलाई अनुदानस्वरूप दिइँदै आएको रकममा १ लाख रुपियाँ थप्ने निर्णय गरेको छ।

सोही बैठकले अब ६५ वर्षभन्दा बढी उमेरकालाई वृद्धभत्ता दिइने, सामाजिक परिचालकको तालिम भत्ता बढाउने निर्णय गरेको सूचना तथा सञ्चारमन्त्री मोहनबहादुर बस्नेतले जानकारी दिनुभयो। यसैगरी बैठकले ४ जना महासेनानीलाई बढुवा गर्ने निर्णय गरेको छ।


**जिल्ला वन कार्यालय, मोरंगको काठ/दाउरा संकलन सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७४।१०।११**

यस कार्यालयको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम इ.व.का. बयरवन र लेटाङ्ग अन्तर्गतको राष्ट्रिय वन क्षेत्रबाट ढलापडा अवस्थामा छपान भएका ३९० गोटा रुखहरु कटान, मुछान, घाटगद्दी तथा पाइलिङ्ग गर्नको लागि जिल्लाको स्वीकृत दररेटमा घटाघट प्रकृयाबाट ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र काठको व्यवसाय गर्न ईजाजत प्राप्त व्यक्ति/फर्म/कम्पनीबाट ३० (तीस) दिन भित्र रितपूर्वक शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । सूचनाको विस्तृत व्यहोरा कार्यालयको सूचना पार्टीमा टाँस गरिएको छ।



नेपाल सरकार
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**पुर्वाञ्चल क्षेत्रिय सडक निर्देशनालय**
**सुनसरी मोरङ्ग पुल निर्माण आयोजना**
**इटहरी, सुनसरी**

**वोलपत्र स्वीकृत गर्नेवारे आशय पत्रको सुचना**

**प्रकाशित मिति २०७४/१०/११**

यस आयोजनावाट मिति २०७४/०६/०९ गते नेपाल समाचारपत्र राष्टिय दैनिकमा प्रकाशित शिलवन्दी वोलपत्र आह्वनको सुचना नं. ०१/०७४/०७५ वाट आह्वन गरिएको वोलपत्रको आर्थिक प्रस्तावको मुल्याँकन हुदा निम्नानुसारको वोलपत्र स्वीकृतको लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ को प्रयोजनको लागि यो आशयको सुचना सम्वन्धित सवै वोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

| सि. नं | ठेक्का नं. | कामको विवरण | वोलपत्रदाताको नाम | कवोल अंक (भ्याट वाहेक) |
|---|---|---|---|---|
| १ | SMBCP 03/074/075 | थलहा खोला पुल निर्माण कार्य औरावनी ६ र ७, सुनसरी | एसविए केएम जे.भी. काठमाडौं | ३,२३,२०,८४७,०० |

**आयोजना प्रमुख**

2018, JAN
Thursday
25



# अर्थ

{ अघिल्लो दिनझैं यसदिन पनि सानिमामाई हाइड्रोपावरको सबैभन्दा धेरै कारोबार भयो। मंगलबार कम्पनीको २ करोड ९२ लाख रुपियाँभन्दा बढीको कारोबार भयो। यस दिन युनिलिभर नेपालको पनि २ करोड रुपियाँभन्दा बढीको कारोबार भयो।

# समस्याग्रस्त सहकारी व्यवस्थापन गर्न समिति

हेमन्त जोशी, काठमाडौं

सहकारी तथा गरिबी निवारण मन्त्रालयले सहकारी ऐन २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भएका सहकारी संघसंस्थाहरूको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीसम्बन्धी कार्य गर्न व्यवस्थापन समिति गठन गरेको छ।

मन्त्रालयले गौरीबहादुर कार्कीको अध्यक्षतामा सात सदस्यीय व्यवस्थापन समिति तोकेको छ। समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीसम्बन्धी कार्य गर्न गठित उक्त समितिको सदश्यमा काशीनाथ मरासिनी, गोविन्दबहादुर मल्ल, दीपकप्रसाद पौडेल, हुमाकान्त पन्थी, रेवतीरमण पोखरेल सदश्य रहेका छन्। एक जना सदस्य भने राष्ट्रिय सहकारी महासंघले तोकेको सञ्चालक प्रतिनिधि रहने जनाइएको छ। व्यवस्थापन समितिको पदाधिकारीको पदावधि नियुक्तिको मितिले बढीमा दुई वर्ष हुने तथा नेपाल सरकारले आवस्यकताअनुसार निजहरूको पदावधि बढीमा दुई वर्षसम्म थप गर्न सक्ने प्रावधान रहेको छ।

कार्कीले यसअघि २०७० मंसिर ९ गते बचत तथा ऋणको कारोबार गर्ने समस्याग्रस्त सहकारीका लागि गठन गरिएको जाँचबुझ आयोगको अध्यक्षका रुपमा काम गरिसकेका छन्। कार्कीको प्रतिवेदनले १ सय ३० वटा सहकारीलाई समस्याग्रस्त सहकारी घोषणा गरेको थियो भने ती संस्थाको पुनर्व्यवस्थापनका लागि अधिकार सम्पन्न समितिको स्थापनाका लागि सुझाव दिएको थियो। सहकारी ऐनले व्यवस्था गरेबमोजिम सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीसम्बन्धी कार्य गर्नका लागि व्यवस्थापन समिति गठन गर्न सकिने प्रावधान रहेको छ। बचतकर्ताको रकम फिर्ता गर्न नसकेका गत असोज पहिलो साता व्यवस्थापिका संसद्बाट ऐन पारित भएपछि समिति गठनका लागि बाटो खुलेको थियो।

**सहकारीमार्फत ठगिएका र आफ्नो रकम उठाउन बाँकी रहेका सहकारी सदस्यलाई दायित्व भुक्तानी तथा त्यस्ता संघ संस्थाको व्यवस्थापनका लागि समितिले काम गर्नेछ।**

सहकारी तथा गरिबी निवारण मन्त्रालयका सूचना अधिकारी उपेन्द्रबहादुर ढुंगानाले समस्यग्रस्त सहकारीको व्यवस्थापन हेर्ने र निक्षेपकर्ताका रकम फिर्ता गर्नका लागि वातावरण बनाउन समिति गठन गरिएको *नेपाल समाचारपत्र*लाई बताउनुभयो। समितिले समसयाग्रस्त संस्था वा संघका समितिको सदस्य, निजको परिवार नातेदार, संस्थाका कर्मचारी, संस्थासँग सम्बन्धित अन्य संस्थाका कर्मचारीसँग सोधपुछ, बयान, तथा आवश्यक कागजात पेस गर्न लगाउने उहाँले बताउनुभयो। समितिले समस्याग्रस्त संस्थाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्ने, उपभोग तथा व्यवस्थापनमार्फत तथा बचतकर्तालाई उनीहरूको क्षतिपूर्तिको पहल गर्नेछ।

सहकारी ऐन २०७४ को दफा १०५ अनुसार व्यवस्थापन समितिको गठन गरिने कुरा उल्लेख गरिएको छ। ऐनअनुसार कुनै संस्था वा संघलाई समस्याग्रस्त संस्थाका रुपमा घोषणा गरिएकामा त्यस्तो समस्याग्रस्त सस्था या संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीसम्बन्धी कार्य गर्न नेपाल सरकारले एक व्यवस्थापन समिति गठन गर्ने कुरा उल्लेख गरिएको छ।

सहकारी ऐन २०७४ बमोजिम मन्त्रालयले गत कात्तिक २० गते ओरेन्टल सहकारीसंस्थालाई समस्याग्रस्त सहकारी घोषणा गरिएकोमा उक्त सहकारी संस्था र आगामी दिनमा घोषणा हुने अन्य समस्याग्रस्त सहकारीका लागि समितिले काम गर्नेछ। ओरेन्टल सहकारीले करीब १२ हजार बचतकर्ता सदस्यबाट ७ अर्ब रुपियाँभन्दा बढी रकम तिर्न बाँकी रहेको छ।

## PRESS RELEASE

### टाटा टियागो तथा टिगोरको माइलेज टेस्ट क्याम्प सम्पन्न



काठमाडौं, (नेस)

नेपालका लागि टाटा मोटर्सको आधिकारिक वितरक सिप्रदी ट्रेडिङले ह्याचब्याक टियागो र स्टाईल ब्याक टिगोरको माइलेज टेस्ट क्याम्प सम्पन्न गरेको छ। माइलेज टेस्टका क्रममा सहभागीले करिब ६० किमी यात्रा गरेका थिए।

माइलेज टेस्टमा टियागोमा २३ दशमलव १७ किमि प्रतिलिटरको सर्वाधिक माइलेज प्राप्त गरी आत्मराम ढकालले विजयी हुनुभएको छ भने विश्वराज पंगेनी २१ दशमलव ८६ किमी प्रतिलिटरका साथ उपविजेता हुनुभएको कम्पनीले जनाएको छ।

त्यसैगरी सेडानतर्फ भरत शर्मा पौडेलले टाटा टिगोरमा सर्वाधिक २१ दशमलव ८ किमि प्रतिलिटरको माइलेज प्राप्त गरी विजयी हुनुभयो। दुवै वर्गका विजयीहरूलाई टाटाले १ वर्षसम्मको र टियागोका उप-विजेतालाई ९ महिनासम्मको नि:शुल्क इन्धन उपहार दिएको छ।

सो अवसरमा टाटा मोटर्सका कन्ट्री म्यानेजर अजितनारायण सिंहले ग्राहकको आकांक्षा पूरा गर्न सकेको बताउँदै क्वालिटी र प्रभावकारी माइलेजलाई नै प्राथमिकता दिइएको उल्लेख गर्नुभयो। त्यसैगरी सिप्रदी ट्रडिङका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठले ग्राहकलाई टेस्ट ड्राइभबाट ग्राहकसँगको सम्बन्ध थप प्रगाढ भएको उल्लेख गर्नुभयो। माइलेज टेस्टको शुरुआत सिप्रदीका सीईओ श्रेष्ठ र टाटा मोटर्सका कन्ट्री म्यानेजर सिंहले संयुक्तरूपमा गर्नुभएको थियो।

### वृज सिमेन्टको सहयोगमा क्रिकेट सामग्री हन्तान्तरण




काठमाडौं, (नेस)

वृज सिमेन्टको प्रायोजनमा राष्ट्रिय क्रिकेट टिमका खेलाडी शरद् भेषावकरले पोखरामा अवस्थित राइजिङ पोखरा क्रिकेट एकेडेमीलाई क्रिकेट सामग्री हस्तान्तरण गर्नुभएको छ। पुष्पतारा केडिया सेवा संस्थाद्वारा आयोजित एवम् वृज सिमेन्ट इन्डस्ट्रिजद्वारा प्रायोजन गरिएको सामग्री उहाँले हस्तान्तरण गर्नुभएको हो।

भेषवाकर वृज सुपर प्रिमियिम ओपिसी सिमेन्टका ब्रान्ड एम्बेसेडर हुनुहुन्छ। एक वर्षअघि स्थापित सो क्रिकेट एकेडेमीमा करिब ३० जना खेलाडीले प्रशिक्षण लिइरहेका छन्। सहयोग गर्दै उहाँले नेपाली क्रिकेट विकासमा वृज सिमेन्टले गरेको सहयोगले पनि भूमिका खेल्ने बताउनुभयो। निजी क्षेत्रबाट हुने यस किसिमको सहयोगले आम खेलकुदमा लाग्ने युवालाई हौसला हुने र उनीहरूले आफ्नो खेललाई अझ राम्रो तरिकाले प्रदर्शन गर्न सक्ने उहाँको दाबी छ।

### ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको प्रथम वार्षिक साधारणसभा

काठमाडौं, (नेस)

ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको प्रथम वार्षिक साधारणसभा पोखरामा सम्पन्न भएको छ। साधारणसभाले सर्वसाधारणका लागि छुट्याइएको कुल जारी पुँजीको ३० प्रतिशतले हुने रु. ६६ करोड बराबरको साधारण शेयर जारी गर्ने भएको छ।

कम्पनीको पहिलो साधारणसभाले सञ्चालक समितिको प्रतिवेदन, गत आवको लेखा परीक्षण प्रतिवेदन, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण पारित गर्दै चालु आवको लेखापरीक्षक नियुक्त गरेको छ।




साथै संस्थापक समूहबाट सञ्चालकहरू पशुपति मुरारका, नन्दकिशोर शर्मा, आकाश गोल्छा र शर्मिला श्रेष्ठ महर्जन निर्विरोध चयन भएका छन्। सातै प्रदेशमा ४५ शाखा ६ वटा आकर्षक बीमा योजना जारी गरेको कम्पनीले विभिन्न बैंकसँग बैंकासुरेन्स सम्झौता गरेको छ।

### एमएडब्लू अर्थमुभर्स जेसीबीको सवोत्कृष्ट डिलर

काठमाडौं, (नेस)

एमएडब्लू अर्थमुभर्स प्रालिले गएको एक वर्षमा २ हजार १ सय ४० वटा जेसीबी ब्रान्डका निर्माण उपकरणको विक्री गरेको छ। सन् २०१७ मा सबैभन्दा बढी जेसीबीका निर्माण उपकहरणको विक्री गरेर एमएडब्लू अर्थमुभर्स जेसीबी इन्डियाको सवोत्कृष्ट डिलरसमेत बनेको हो।

त्यस्तै एमएडब्लू अर्थमुभर्स दक्षिण एसियामा सर्वोत्कृष्ट र विश्वमा समेत दोस्रो सर्वोत्कृष्ट डिलर बनेको कम्पनीको दाबी छ। यससँगै एमएडब्लू जेसीबीको 'क्लब २०००' को पहिलो सदस्यसमेत बनेको छ। जेसीबी इन्डियाको कुनै पनि डिलरले एक वर्षमा २ हजारवटा मेसिन बिक्री गरेको यो पहिलो अवसर हो।

जेसीबी इन्डियाले एमएडब्लूलाई यो सफलताका लागि सम्मान पनि गरेको छ। कार्यक्रममा जेसीबी इन्डियाका प्रमुख कार्यकारी अधिकृत एवम् प्रबन्ध निर्देशक विपिन सोन्धीले एमएडब्लू अर्थमुभर्सका प्रबन्ध निर्देशक विष्णुकुमार अग्रवाललाई २००० क्लबको अवार्ड हस्तान्तरण गर्नुभयो। यसका साथै एमएडब्लू अर्थमुभर्स दक्षिण एसियामै सबैभन्दा बढी ब्याकहो लोडर, एस्काभेटर र हि्वललोडर विक्री गर्न सफल डिलरसमेत बनेको छ। एमएडब्लू अर्थमुभर्सले सन् २००३ मा जेसीबीको डिलरसिप लिएको थियो।

हिमाल स्टील आजको भाउ
ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि. | १०-२० मि.मि. | ४.७५-७ मि.मि. |
| काठमाडौं | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| वीरगंज | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| विराटनगर | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभर फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हक र चुरा समावेश छ।

JAGDAMBA STEEL
देशको भरपर्दो
बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | ८ एम.एम. | १०-२० एम.एम. | २८ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ८३ | ८० | ८३ | ८३ |
| सिमरा, बिरगंज, कलैया | ८१।४० | ७८।४० | ८१।४० | ८१।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८२।४० | ७९।४० | ८२।४० | ८२।४० |
| लाहान, बिराटनगर, धरान, इटहरी | ८३।९५ | ८०।९५ | ८३।९५ | ८३।९५ |
| बितामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |
| पोखरा, स्याङ्जा | ८२।६० | ७९।६० | ८२।६० | ८२।६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E EARTHQUAKE RESISTANT REBAR Fe 500 NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

आइ.सि.एफ.सि फाइनान्स लिमिटेड, ICFC
बौद्ध शाखाको

**निक्षेप उपर हकदावी सम्बन्धि ३५ दिने सूचना**

क्षेतेन ग्यात्सोको छोरा काठमाण्डौ जिल्ला दक्षिणकाली नगरपालिका वडा नं. ५ मा अस्थायी बसोबास गर्ने खेडुप साङबोको मिति २०७३/१०/११ मा काठमाण्डौं अस्पतालमा मृत्यु भएको भनी दक्षिणकाली नगरपालिका वडा नं.५ कार्यालयको च.नं.४६४ मिति २०७४/०९/१६ को प्रमाणीत गरिएको भन्ने पत्र तथा च.नं.४२७ मिति २०७४/०९/०४ को अस्थायी बसोबास प्रमाणित गरी पठाएको बारे भन्ने पत्र साथ मृतकको इच्छाएको छोरी भनीएको ऐऐ नेसुम डाक्की योङडु लिङ गुम्बामा पुजापाठ गर्दै अस्थायी रुपमा बसोबास गर्दै आउनु भएकी मेलाङ साङमो आनी (मेलाङ सागबु) ले खेडुप साङबोको मिति २०७३/१०/११ मा काठमाण्डौं अस्पतालमा मृत्यु भएकोले निजको नाममा यस संस्थाको बौद्ध शाखा कार्यालयमा रहेको बचत खाता नं. 00208300010220000001 खातामा रहेको निक्षेप रकम मेरो नाममा रकमान्तरण गरी पाउँ भनि यस संस्थामा निवेदन दिनु भएकोले उक्त निक्षेप रकम उपर निज निवेदक मेलाङ साङमो आनी (मेलाङ सागबु) बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने र म्याद भुक्तान पश्चात् निवेदन दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

ICFC FINANCE LIMITED
भाटभटेनी, काठमाण्डौ ।
फोन नं. ४४२५२९२/ फ्याक्स नं ४४२५२९४
www.icfcbank.com

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ माघ ११, जनवरी २५, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०१।८९ | १०२।४९ |
| युरो १ को रू. | १२४।८९ | १२५।६३ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४१।७१ | १४२।५५ |
| स्विस फ्रन्क १ को रू. | १०६।०५ | १०६।६७ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।६७ | ८२।१५ |
| क्यानाडियन डलर १ को रू. | ८१।७५ | ८२।२३ |
| सिङ्गापुर डलर १ को रू. | ७७।२३ | ७७।६९ |
| जापानी यन १० को रू. | ९।२० | ९।२६ |
| चिनियाँ युआन १ को रू. | १५।९१ | १६।०१ |
| साउदी अरब रियाल १ को रू. | २७।१७ | २७।३३ |
| कतारी रियाल १ को रू. | २७।९८ | २८।१४ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।२० | ३।२२ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।७४ | २७।९० |
| मलसियन रिङ्गिट १ को रू. | २५।८९ | २६।०५ |
| दक्षिण कारियन वन १०० को रू. | ९।५२ | ९।५८ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।७१ |
| डेनिस क्रानर १ का रू. | १६।७८ |
| हङकङ डलर १ का रू. | १३।०३ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# तेस्रो अर्घाखाँची महोत्सव शुरू

अर्घाखाँची, (नेस)

अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कमा बुधबारदेखि तेस्रो अर्घाखाँची औद्योगिक सांस्कृतिक, व्यापार, कृषि तथा पर्यटन महोत्सव शुरू भएको छ। मानव संसाधन तथा वातवरण संरक्षण मञ्च (हडेप)को आयोजना तथा उद्योग वाणिज्य संघको संरक्षकत्वमा शुरू भएको महोत्सवको अर्घाखाँचीका प्रतिनिधिसभा सदस्य टोपबहादुर रायमाझीले उद्घाटन गर्नुभयो। मेलाको उद्घाटन गर्दै रायमाझीले महोत्सवले कृषि र पर्यटन क्षेत्रको विकासमा टेवा पुग्ने विश्वास लिनुभयो। उहाँले औद्योगिक वस्तुको प्रवर्द्धन हुने भन्दै व्यापार व्यवसाय पनि फस्टाउने भएकाले मेला महोत्सवको आयोजनाले आन्तरीक पर्यटन व्यवसायमा ठूलो मद्दत मिल्ने बताउनुभयो।

मेला उद्घाट गर्दै रायमाझीले यस्ता खालका मेला महोत्सव वर्षेनि हुनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'अर्घाखाँचीलाई कृषि पर्यटनको क्षेत्रबाट जिल्लालाई समृद्ध बनाउन सकिने प्रशस्तै आधार छन्।' त्यस्तै प्रदेशसभा क्षेत्र नं. १ का सांसद चेतनारायण आचार्यले महोत्सवले जिल्लाका सांस्कृतिक पहिचानलाई उजागर गर्नमा मद्दत पुर्‍याउने बताउनुभयो। त्यसैगरी क्षेत्र नं. २ का सांसद रामजीप्रसाद घिमिरेले महोत्सवबाट संकलित रकम जिल्लाको हितमा प्रयोग गरिनुपर्ने बताउनुभयो।

मेलामा ३ सय ५० ओटा स्टल राखिएको छ। जिल्लाका व्यवसायीलाई कृषितर्फ ५ हजार, अन्यमा १० हजार र जिल्लाबाहिरका व्यापारीलाई १७ हजार ५ सय रुपियाँ प्रतिस्टल दर कायम गरिएको उद्योग वाणिज्य संघका अध्यक्ष तथा मेला मूल आयोजक समितिका संयोजक कृष्णप्रसाद श्रेष्ठले बताउनुभयो। मेलामा करिब २ लाख दर्शकले अवलोकन गर्ने लक्ष्य आयोजकले लिएको छ। मेलामा करिब १ अर्बको करोबार हुने अनुमान गरिएको छ।

# SHARE MARKET

**24 JANAURY WEDNESDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 14131.00 | 420.00 | 412.00 | 419.00 | 3.00 |
| 2 | Api Power Company Ltd. | 987.00 | 391.00 | 385.00 | 391.00 | 7.00 |
| 3 | Arun Finance Limited | 20.00 | 165.00 | 165.00 | 165.00 | 3.00 |
| 4 | Arun Kabeli Power Ltd. | 732.00 | 335.00 | 329.00 | 335.00 | 5.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 3638.00 | 201.00 | 197.00 | 198.00 | -6.00 |
| 6 | Asian Life Insurance Co. Limited | 1094.00 | 880.00 | 878.00 | 879.00 | 1.00 |
| 7 | Bank of Kathmandu Ltd. | 8308.00 | 403.00 | 401.00 | 402.00 | 0.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 75.00 | 190.00 | 190.00 | 190.00 | 0.00 |
| 9 | Best Finance Company Ltd. | 480.00 | 127.00 | 125.00 | 127.00 | -2.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 67.00 | 155.00 | 152.00 | 155.00 | 1.00 |
| 11 | Bishal Bazar Company Limited | 250.00 | 1890.00 | 1870.00 | 1890.00 | 50.00 |
| 12 | Bottlers Nepal (Terai) Limited | 10.00 | 6865.00 | 6865.00 | 6865.00 | -135.00 |
| 13 | Butwal Power Company Limited | 18709.00 | 640.00 | 630.00 | 635.00 | -5.00 |
| 14 | Central Finance Co. Ltd. | 194.00 | 136.00 | 136.00 | 136.00 | 0.00 |
| 15 | Century Commercial Bank Ltd. | 9933.00 | 194.00 | 190.00 | 193.00 | 2.00 |
| 16 | Chhimek Laghubitta Bikas Bank Limited | 1067.00 | 1000.00 | 990.00 | 1000.00 | -1.00 |
| 17 | Chhyangdi Hydropower Ltd. | 105.00 | 175.00 | 170.00 | 175.00 | 7.00 |
| 18 | Chilime Hydropower Company Limited | 5504.00 | 883.00 | 880.00 | 881.00 | 0.00 |
| 19 | Citizen Bank International Limited | 18068.00 | 273.00 | 267.00 | 270.00 | -2.00 |
| 20 | Citizen Investment Trust | 985.00 | 3510.00 | 3480.00 | 3500.00 | 0.00 |
| 21 | Civil Bank Ltd | 10111.00 | 180.00 | 175.00 | 179.00 | 2.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 40.00 | 867.00 | 834.00 | 834.00 | -16.00 |
| 23 | Deprosc Development Bank Limited | 1232.00 | 840.00 | 834.00 | 835.00 | 0.00 |
| 24 | Deva Bikas Bank Limited | 6663.00 | 172.00 | 165.00 | 172.00 | 7.00 |
| 25 | Dibyashwori Hydropower Ltd. | 51.00 | 150.00 | 148.00 | 150.00 | 2.00 |
| 26 | Everest Bank Limited | 3635.00 | 872.00 | 865.00 | 867.00 | -5.00 |
| 27 | Everest Insurance Co. Ltd. | 1321.00 | 1655.00 | 1510.00 | 1649.00 | 88.00 |
| 28 | Excel Development Bank Ltd. | 724.00 | 366.00 | 363.00 | 366.00 | 3.00 |
| 29 | First Micro Finance Dev. Bank Ltd. | 6643.00 | 595.00 | 567.00 | 568.00 | -17.00 |
| 30 | Forward Community Mic. Bittiya San. Ltd. | 508.00 | 3350.00 | 3280.00 | 3300.00 | 0.00 |
| 31 | Gandaki Bikas Bank Limited | 13884.00 | 229.00 | 217.00 | 229.00 | 1.00 |
| 32 | Garima Bikas Bank Limited | 5216.00 | 196.00 | 192.00 | 196.00 | 2.00 |
| 33 | Global IME Bank Limited | 7917.00 | 317.00 | 310.00 | 317.00 | 4.00 |
| 34 | Global IME Samunnat Scheme-1 | 1500.00 | 9.90 | 9.90 | 9.90 | 0.10 |
| 35 | Goodwill Finance Co. Ltd. | 300.00 | 145.00 | 145.00 | 145.00 | -2.00 |
| 36 | Green Development Bank Ltd. | 114.00 | 167.00 | 167.00 | 167.00 | -3.00 |
| 37 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 168.00 | 158.00 | 156.00 | 156.00 | -5.00 |
| 38 | Gurans Life Insurance Company Ltd. | 3734.00 | 915.00 | 906.00 | 915.00 | 3.00 |
| 39 | Gurkhas Finance Ltd. | 1310.00 | 142.00 | 139.00 | 142.00 | 4.00 |
| 40 | Hamro Bikas Bank Ltd. | 394.00 | 170.00 | 166.00 | 167.00 | -2.00 |
| 41 | Himalayan Bank Limited | 2025.00 | 671.00 | 652.00 | 658.00 | 0.00 |
| 42 | Himalayan Distillery Limited | 40.00 | 1233.00 | 1185.00 | 1185.00 | -73.00 |
| 43 | Himalayan General Insurance Co. Ltd | 3048.00 | 473.00 | 466.00 | 473.00 | 7.00 |
| 44 | Himalayan Power Partner Ltd. | 2600.00 | 369.00 | 360.00 | 367.00 | 2.00 |
| 45 | ICFC Finance Limited | 1832.00 | 207.00 | 206.00 | 206.00 | -4.00 |
| 46 | IME General Insurance Ltd. | 920.00 | 991.00 | 985.00 | 986.00 | -1.00 |
| 47 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 1199.00 | 167.00 | 165.00 | 167.00 | 0.00 |
| 48 | Janaki Finance Ltd. | 150.00 | 178.00 | 178.00 | 178.00 | -1.00 |
| 49 | Janata Bank Nepal Ltd. | 16880.00 | 185.00 | 182.00 | 184.00 | 1.00 |
| 50 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 140.00 | 2950.00 | 2867.00 | 2950.00 | 25.00 |
| 51 | Jebils Finance Ltd. | 440.00 | 130.00 | 128.00 | 128.00 | 0.00 |
| 52 | Jyoti Bikas Bank Limited | 4578.00 | 160.00 | 152.00 | 160.00 | 5.00 |
| 53 | Kailash Bikas Bank Ltd. | 1500.00 | 230.00 | 229.00 | 230.00 | 2.00 |
| 54 | Kalika Microcredit Dev. Bank Ltd. | 940.00 | 1570.00 | 1547.00 | 1565.00 | -35.00 |
| 55 | Kamana Sewa Bikas Bank Limited | 7786.00 | 163.00 | 160.00 | 161.00 | -3.00 |
| 56 | Kankai Bikas Bank Ltd. | 520.00 | 154.00 | 148.00 | 148.00 | -3.00 |
| 57 | Karnali Development Bank Limited | 847.00 | 130.00 | 128.00 | 128.00 | -3.00 |
| 58 | Khanikhola Hydropower Co. Ltd. | 2252.00 | 150.00 | 142.00 | 147.00 | 3.00 |
| 59 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 146.00 | 1770.00 | 1750.00 | 1770.00 | 29.00 |
| 60 | Kumari Bank Limited | 3242.00 | 276.00 | 271.00 | 276.00 | 1.00 |
| 61 | Laxmi Bank Limited | 10021.00 | 270.00 | 263.00 | 264.00 | 1.00 |
| 62 | Laxmi Equity Fund | 8050.00 | 10.00 | 9.80 | 10.00 | 0.19 |
| 63 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 862.00 | 1254.00 | 1235.00 | 1254.00 | 9.00 |
| 64 | Laxmi Value Fund-1 | 3000.00 | 11.27 | 11.27 | 11.27 | -0.23 |
| 65 | Life Insurance Co. Nepal | 425.00 | 1924.00 | 1910.00 | 1924.00 | 23.00 |
| 66 | Lumbini Bikas Bank Ltd. | 11524.00 | 170.00 | 166.00 | 170.00 | 5.00 |
| 67 | Lumbini General Insurance Co. Ltd. | 3250.00 | 565.00 | 553.00 | 565.00 | 6.00 |
| 68 | Machhapuchhre Bank Limited | 5009.00 | 268.00 | 265.00 | 268.00 | 3.00 |
| 69 | Mahalaxmi Bikas Bank Ltd. | 4993.00 | 187.00 | 182.00 | 187.00 | 5.00 |
| 70 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 353.00 | 788.00 | 781.00 | 784.00 | 0.00 |
| 71 | Mahuli Samudayik Laghubitta Sanstha Ltd. | 270.00 | 2907.00 | 2830.00 | 2836.00 | -15.00 |
| 72 | Manjushree Finance Ltd. | 510.00 | 144.00 | 142.00 | 144.00 | 0.00 |
| 73 | Mero Microfinance Bittiya Sanstha Ltd. | 307.00 | 1310.00 | 1305.00 | 1305.00 | 0.00 |
| 74 | Mission Development Bank Ltd. | 56.00 | 250.00 | 245.00 | 245.00 | -3.00 |
| 75 | Miteri Development Bank Limited | 1007.00 | 320.00 | 311.00 | 316.00 | 2.00 |
| 76 | Mithila LaghuBitta Bikas Bank Ltd. | 73.00 | 1020.00 | 1010.00 | 1020.00 | -10.00 |
| 77 | Muktinath Bikas Bank Ltd. | 9500.00 | 418.00 | 410.00 | 414.00 | -4.00 |
| 78 | Nabil Balance Fund 1 | 28429.00 | 16.70 | 16.50 | 16.70 | -0.10 |
| 79 | Nabil Bank Limited | 19823.00 | 1032.00 | 1010.00 | 1015.00 | -16.00 |
| 80 | NABIL Bank Limited Promotor Share | 2775.00 | 850.00 | 850.00 | 850.00 | 5.00 |
| 81 | Nabil Equity Fund | 7483.00 | 10.10 | 10.00 | 10.10 | 0.05 |
| 82 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 338.00 | 2430.00 | 2410.00 | 2410.00 | 3.00 |
| 83 | National Hydro Power Company Limited | 8670.00 | 116.00 | 115.00 | 116.00 | 1.00 |
| 84 | National Life Insurance Co. Ltd. | 1604.00 | 1489.00 | 1459.00 | 1489.00 | 23.00 |
| 85 | National Microfinance Bittiya Sanstha Ltd. | 348.00 | 2230.00 | 2210.00 | 2230.00 | 20.00 |
| 86 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 50.00 | 2343.00 | 2343.00 | 2343.00 | -47.00 |
| 87 | Neco Insurance Co. Ltd. | 3126.00 | 540.00 | 525.00 | 530.00 | 5.00 |
| 88 | Nepal Bangladesh Bank Limited | 7728.00 | 269.00 | 265.00 | 268.00 | 0.00 |
| 89 | Nepal Bank Limited | 11986.00 | 351.00 | 347.00 | 350.00 | 3.00 |
| 90 | Nepal Credit And Com. Bank Limited | 15886.00 | 324.00 | 316.00 | 317.00 | -4.00 |
| 91 | Nepal Doorsanchar Comapany Limited | 1775.00 | 783.00 | 766.00 | 775.00 | 7.00 |
| 92 | Nepal Finance Ltd. Promoter Share | 351041.00 | 101.00 | 101.00 | 101.00 | 0.00 |
| 93 | Nepal Grameen Bikas Bank Ltd. | 4536.00 | 665.00 | 648.00 | 665.00 | 10.00 |
| 94 | Nepal Hydro Developers Ltd. | 340.00 | 220.00 | 214.00 | 220.00 | 7.00 |
| 95 | Nepal Insurance Co. Ltd. | 856.00 | 1321.00 | 1270.00 | 1321.00 | 50.00 |
| 96 | Nepal Investment Bank Limited | 7464.00 | 652.00 | 650.00 | 650.00 | -2.00 |
| 97 | Nepal Investment Bank Ltd. Pro. Share | 1611.00 | 582.00 | 575.00 | 582.00 | 3.00 |
| 98 | Nepal Life Insurance Co. Ltd. | 2697.00 | 1790.00 | 1752.00 | 1770.00 | -14.00 |
| 99 | Nepal SBI Bank Limited | 3331.00 | 590.00 | 578.00 | 587.00 | -2.00 |
| 100 | Nerude Laghubita Bikas Bank Limited | 286.00 | 808.00 | 792.00 | 795.00 | 2.00 |
| 101 | Ngadi Group Power Ltd. | 430.00 | 235.00 | 228.00 | 229.00 | 1.00 |
| 102 | NIBL Pragati Fund | 2581.00 | 10.00 | 9.80 | 10.00 | 0.20 |
| 103 | NIC Asia Bank Ltd. | 7029.00 | 347.00 | 339.00 | 344.00 | 3.00 |
| 104 | Nirdhan Utthan Bank Limited | 130.00 | 1145.00 | 1141.00 | 1141.00 | -4.00 |
| 105 | NLG Insurance Company Ltd. | 2726.00 | 1360.00 | 1334.00 | 1360.00 | 0.00 |
| 106 | NMB Microfinance Bittiya Sanstha Ltd. | 79.00 | 1770.00 | 1760.00 | 1764.00 | -6.00 |
| 107 | NMB Bank Limited | 6249.00 | 450.00 | 444.00 | 447.00 | 1.00 |
| 108 | NMB Hybrid Fund L-1 | 5737.00 | 10.00 | 9.90 | 10.00 | 0.18 |
| 109 | NMB Sulav Investment Fund-1 | 15500.00 | 12.75 | 12.60 | 12.75 | 0.10 |
| 110 | Om Development Bank Ltd. | 2129.00 | 230.00 | 227.00 | 228.00 | -2.00 |
| 111 | Oriental Hotels Limited | 1872.00 | 660.00 | 651.00 | 660.00 | 5.00 |
| 112 | Pokhara Finance Ltd. | 1330.00 | 170.00 | 162.00 | 164.00 | -2.00 |
